का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २६२
❒ ३० कात्तिक २०७८, मंगलबार
❒ 16 November 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

सर्वोच्च संकट

# सर्वोच्चका न्यायाधीश विभाजित

## पाँच न्यायाधीश आजबाट काममा फर्कने

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग्दै इजलास बहिष्कार गर्दै आएका पाँच न्यायाधीश आजबाट काममा फर्कने भएका छन् । यी न्यायाधीशहरु प्रधानन्यायाधीश जबरालाई सहज हुनेगरी सहमतिको प्रयत्न गर्दै आएका थिए । पाँच न्यायाधीश काममा फर्कने निर्णयले सर्वोच्च अदालतका न्यायाधीशहरु समेत विभाजित हुन पुगेका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

इजलास बहिष्कार गर्दै आएका सर्वोच्च अदालतका पाँच न्यायाधीश आजबाट काममा फर्कने भएका छन् । न्यायाधीशहरु तेजबहादुर केसी, कुमार रेग्मी, कुमार चुडाल, मनोजकुमार शर्मा र बमकुमार श्रेष्ठ इजलासमा फर्कने भएका हुन् । यी न्यायाधीशहरु प्रधानन्यायाधीश जबराप्रति पहिल्यैबाटै नरम थिए ।

तर आजबाट भने पाँच न्यायाधीशहरु सुनुवाइमा फर्कने भएका छन् । पेशी तोक्न गोलाप्रथा प्रणाली लागू गर्ने र मुद्दाको सुनुवाई थाल्ने प्रस्ताव अन्य न्यायाधीशहरुसँग राख्दै आएका थिए । तर अन्य न्यायाधीशहरुले भने प्रधानन्यायाधीश जबराको राजीनामा नआएसम्म इजलासमा नबस्ने अडान लिएका छन् ।

न्याय सम्पादन कार्यलाई कार्यकारी निकायसँगको भागबण्डामा सौदाबाजी गरेको भन्दै ७ कात्तिकबाट सर्वोच्च अदालतका सवै न्यायाधीशले इजलास बहिष्कार गर्दै आएका थिए । न्यायाधीशहरुले इजलास बहिष्कार गरेपछि नेपाल बार एशोसिएशनले समेत आन्दोलन चर्काएका थिए । १४ कात्तिक देखि आन्दोलन थालेको कानून व्यवसायीहरुले गएको बिहीबारदेखि सर्वोच्च परिसरमा मूठभेडकै अवस्था सिर्जना भइरहेको छ । बारको कार्यालयमा सांकेतिक विरोध गर्दै आएका कानून व्यवसायीहरुको आन्दोलनमाथि प्रहरी हस्तक्षेप भएको भन्दै बारले प्रधानन्यायाधीश जबरालाई सर्वोच्च प्रवेशमा अवरोध गर्दै आएको छ ।

सोमबार पनि बारको आन्दोलनका कारण प्रधानन्यायाधीश जबराले वैकल्पिक बाटो भएर सर्वोच्च अदालत प्रवेश गरेका थिए । सर्वोच्चको मूल गेट अगाडि प्रदर्शन भएपछि प्रधानन्यायाधीश जबरा शुक्रबार र आइतबार पनि वैकल्पिक बाटो भएर सर्वोच्च अदालत प्रवेश गरेका थिए ।

आन्दोलनरत कानून व्यावसायीहरु र प्रहरी बीच मुठभेडकै अवस्था भएपनि वैकल्पिक बाटो भएर सर्वोच्च छिरेका प्रधानन्यायाधीश जबराले बाँकी पृष्ठ २ मा

# डराएका दलहरू



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

सर्वोच्च अदालतका न्यायाधीशहरु सोमबारदेखि विभाजित भएका छन् । पाँच न्यायाधीशले आजबाट काममा फर्कनेगरी बहिष्कारको आन्दोलन तोड्ने निर्णय गरेका छन् । नेपाल बार एशोसिएशनसँग सोमबार भएको छलफलबाटै सर्वोच्चका न्यायाधीश विभाजित भए । पाँच न्यायाधीश बारको बैठकमा सहभागी भएनन् । बारको बैठकमा सहभागी नभएका न्यायाधीशहरु प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा नरम रुपमा प्रस्तुत हुँदै आएका थिए ।

यसअघि प्रधानन्यायाधीश जबरासँग वार्तामा बस्न अन्य न्यायाधीशहरुलाई आग्रह गर्ने देखि सर्वोच्चको अवरोध हटाउन विभिन्न विकल्प प्रस्तुत गर्दै आएका थिए । तर सोमबार देखि भने प्रधानन्यायाधीश जबराले तोकेको इजलासमा पाँच न्यायाधीश बस्ने भएका छन् । बाँकी न्यायाधीशले इजलास बहिष्कारको आन्दोलनबारे अडान कायमै राखेका छन् । बारसँगको छलफलमा न्यायाधीशहरुले यस्तो बताएका थिए ।

> सोमबार दिनभर देखिएको घटनाक्रमले सर्वोच्च अदालत थप अन्योलतिर धकेलिने संभावना बढिरहँदा राजनीतिक दलहरुको मौनता भने कायमै रह्यो ।

यता सर्वोच्च प्रवेशमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई सोमबार पनि कानून व्यावसायीहरुले अवरोध गरे । शुक्रबार देखि बाँकी पृष्ठ २ मा

# इजरायलको मेडिकल छनोटमा श्रममन्त्री नै असन्तुष्ट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ कात्तिक

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा जाने नेपाली कामदारको स्वास्थ्य परीक्षणका लागि गरिएको स्वास्थ्य संस्था छनोटमा नेपालस्थित इजरायली दूतावासले अनुचित चलखेल गरेको भन्दै असन्तुष्टी बढेको छ । वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको सूचीकरणमा नरहेका निजी क्षेत्रका चार वटा अस्पताल छनोट गरेपछि अनुचित चलखेलको आशंका बढेको हो ।

सूचीकरण नभएका अस्पताललाई स्वास्थ्य परीक्षणको अनुमति दिने विभागको निर्णयमा श्रम, रोजगारतथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) र निजी क्षेत्रका मेडिकल सञ्चालकहरूले गम्भीर असहमति जनाएका छन् ।

विभागले गत शुक्रबार निर्णय गरी आइतबार सूचना प्रकाशित गर्दै स्टार अस्पताल सानेपा, ह्याम्स अस्पताल मण्डिखाटार, नेपाल मेडिसिटी हस्पिटल भैसेपाटी र मनमोहन मेमोरियल मेडिकल कलेज स्ययम्भूमा स्वास्थ्य परीक्षण हुने सुचना प्रकाशित गरेको थियो । सोमबारदेखि शुरू भएको स्वास्थ्य परीक्षण मंसिर ५ गतेसम्म हुने विभागको सूचनामा उल्लेख छ ।

वैदेशिक रोजगार विभागले इजरायलमा दीर्घकालिन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) का लागि २०७८ असोज १० गते १६ सय जना छनोट गरेकोमा असोज २५ गते 'लक्की ड्र' मार्फत ११ सय ७५ कामदार छनोट गरेको छ । त्यसमध्ये ३ सय ५० महिला र १ सय ५० पुरुष गरी ५ सय जनाको स्वास्थ्य परीक्षण हुने विभागले जनाएको छ ।

मन्त्रालयमा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्नका लागि नियमित नवीकरण भएका संस्थाहरू रहेको अवस्थामा इजरायलको केयर गिभरमा जाने कामदारको स्वास्थ परीक्षणमा सूचीकरणमा नरहेका संस्था देखिनु अस्वभाविक भएको मन्त्री श्रेष्ठले बताए ।

लाखौं रूपैयाँ धरौटी लिएर मापदण्ड पूरा गरी सूचीकरणमा रहेका सबै स्वास्थ्य संस्थाले काम गर्न पाउनुपर्ने आफ्नो मान्यता रहेको भन्दै मन्त्री श्रेष्ठले मध्यान्हसँगको कुराकानीमा भने, 'विभागले नेपालस्थित इजरायली दूतावासको सिफारिसमा चार वटा अस्पताल छनोट गरेको बताएको छ, मैले यस विषयमा विभागका महानिर्देशक र इजरायली राजदूतसँग बुझ्नुपर्ने भएको छ । सरकारी अस्पताल तोकेको भए त्यसमा आपत्ति जनाउने विषय थिएन ।'

हाल वैदेशिक रोजगारीमा साउदी अरब जाने कामदारका लागि ५ हजार ५ सय रुपैयाँ र मलेसिया, यूएई, कतार लगायतका देश जानका लागि अधिक्तम ४ हजार ५ सय रुपैयाँ तोकिएको छ । तर इजरायल जानका लागि झण्डै दोब्बर प्रतिव्यक्ति ८ हजार ९ सय रुपैयाँ तोकिएको छ ।

यस विषयमा बुझ्न सोमबार मन्त्रालय पुगेका नेपाल स्वास्थ्य व्यवसायी महासंघका महासचिव मुकुन्द भट्टराईले केही सीमित निजी अस्पताल छनोट हुनुमा ऐन कानूनको उल्लंघन र आर्थिक चलखेल प्रष्ट देखिएको दाबी गरे । उनले भने, 'यो नेपालको आन्तरिक मामिलाका विषयमा इजरायली दूतावासको हस्तक्षेप तथा विभाग र मन्त्रालयको पनि कमजोरी हो, हामीले यस विषयलाई गम्भीररूपमा लिएका छौं ।'

वैदेशिक रोजगार विशेष

# नेपाल मर्यादित श्रमको पक्षमा



**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) ले मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभुत अधिकार सुनिश्चितता गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

आफूसँग भेट गर्न मन्त्रालय पुगेका अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का नेपाल निर्देशक रिचार्ड होवार्डसँगको छलफलमा उनले नेपालको संविधानले रोजगारीको हकलाई मौलिक हकको रुपमा राखेको र सबै श्रमिकलाई उचित श्रम अभ्यास बाँकी पृष्ठ २ मा


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: DMETCO HOME HEALTH CARE LLC — शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ — चलानी नं.: ६०१६७५४४ — LT. No.: 250471

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED32 | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Healthcare Technician | 0 | 10 | सम्बन्धित काममा दक्ष | 3000 | ९७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Registered Nurse | 0 | 10 | | 5000 | १,६१,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com

## UAE मा रोजगारको अवसर

१.कम्पनी: S K SOLUTIONS FACILITY SERVICES L.L.C. — शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/२९ — चलानी नं.: ६०१६७५८० — LT. No.: 250732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Manager | 2 | 0 | | 3500 | १,१३,१९० | | | | | | | |
| 3. | Housekeeping Manager | 2 | 0 | | 1500 | ४८,५१० | | | | | | | |
| 4. | Waiter | 9 | 0 | | 1200 | ३८,८०८ | | | | | | | |
| 5. | Filling Clerk | 2 | 0 | | 1500 | ४८,५१० | | | | | | | |
| 6. | Accounting Clerk | 1 | 0 | | 2000 | ६४,६८० | | | | | | | |
| 7. | Administrative Supervisor | 1 | 1 | | 2000 | ६४,६८० | | | | | | | |
| 8. | Transport Clerks | 2 | 0 | | 1500 | ४८,५१० | | | | | | | |
| 9. | Administrative Officer | 1 | 0 | | 1500 | ४८,५१० | | | | | | | |

२. कम्पनी: DANFE RESTAURANT — शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/२९ — चलानी नं.: ६०१६७५८१ — LT. No.: 250731

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 6 | 0 | स. काममा दक्ष | 1200 | ३८,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurent Manager | 1 | 0 | | 3000 | ९७,०२० | | | | | | | |
| 3. | Purchasing Supervisor | 2 | 0 | | 1500 | ४८,५१० | | | | | | | |
| 4. | Waiter | 5 | 0 | | 1200 | ३८,८०८ | | | | | | | |
| 5. | Accountant | 1 | 0 | | 2000 | ६४,६८० | | | | | | | |
| 6. | Sales Supervisor | 1 | 1 | | 2000 | ६४,६८० | | | | | | | |
| 7. | Motorcyclist | 2 | 0 | | 1200 | ३८,८०८ | | | | | | | |
| 8. | Human Resource Manager | 1 | 0 | | 3000 | ९७,०२० | | | | | | | |
| 9. | Cashier | 1 | 1 | | 1500 | ४८,५१० | | | | | | | |
| 10. | Cleaner | 5 | 0 | | 1000 | ३२,३४० | | | | | | | |
| 11. | Waiter Female | 0 | 3 | | 1500 | ४८,५१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।
अन्तर्वार्ता झापामा २०७८ मंसिर ८ गते (24 November 2021) मा, हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

STAFF REQUIREMENT

PRO -10 M/F
(Public Relation Officer for UAE, ROMANIA, KUWAIT, QATAR & SAUDI ARABIA)
* Education: +2 passed
* Experience : Previous work experience in Manpower compulsory.
* Excellent in computer (Photoshop,Email,Word, & Microsoft Excel)
* Salary: Negotiable

Documentation Officer-2 (Male/Female)
* Education: +2 passed
* Experience : Previous work experience in Manpower compulsory.
* Excellent in computer (Photoshop, Email, Word, & Microsoft Excel)
* Salary Negotiable

Send Cv to: Md@rajgroupnepal.com/info@rajgroupnepal.com

# सेती प्रादेशिक अस्पतालको आइसीयूमा ५ बेड मात्रै

**हिमेश वि.क/मध्यान्ह**
धनगढी, २९ कात्तिक

डोटी केआइसिंहका दीर्घ कुँवरको स्वास्थ्यमा समस्या आएपछि शनिबार दीपायल लगियो । दीपायलमा उपचार सम्भव नभएपछि चिकित्सकले धनगढी लैजान सुझाव दिए । कुँवरका आफन्तले पनि चिकित्सकै सल्लाहअनुसार शनिबार नै उनलाई धनगढी पुऱ्याए ।



शनिबार राति २ बजे उनलाई सेती प्रादेशिक अस्पताल पुगाइएको भए पनि आइतबार बिहान १० बजेसम्म कसैले वास्ता नगरेको गुनासो आफन्तको छ। उनलाई मुटु सम्बन्धि समस्या थियो । कुँवरको अवस्था जटिल भएका कारण आइसीयूको आवश्यकता थियो । तर सेती प्रादेशिक अस्पतालले आइतबार बिहान मात्रै आइसीयूको बेड खाली नभएको खबर गरिएको कुँवरका आफन्त सुरेश बम बताउँछन् । 'राति दुई बजे नै हामी अस्पताल पुगेका थियौं,' उनले भने, 'बिहान मात्रै आइसीयू बेड खाली छैन भनियो, त्यसपछि हामीलाई समस्या भयो ।'

सुदूरपश्चिम प्रदेशका २८ लाख नागरिकको स्वास्थ्यसँग प्रत्येक्ष जोडिएको सेती प्रादेशिक अस्पतालमा आइसीयू सञ्चालनमा आएको ५ वर्ष भयो । अस्पतालमा पहिलो पटक २०७४ सालमा ४ बेडबाट आइसीयू सेवा शुरु गरिएको थियो ।

सेवा शुरु भएको ५ वर्ष हुँदा पनि बेड थप्न भने बेवास्ता भइरहेको छ । ५ वर्षको अवधिमा एक बेड मात्रै थप भएको छ । जटिल प्रकृतिका बिरामीका लागि आइसीयू बेड आवश्यक पर्ने भए पनि चरम अभाव हुँदा समस्या भएको हो । आइसियू बेड अपुग भएको सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दीलिपकुमार श्रेष्ठले बताए । 'आइसीयूको निकै अभाव छ,' उनले भने, 'बेड थप्नका लागि पहल भइरहेको छ ।' प्रदेशकै रेफेरल अस्पतालका रुपमा रहेको सेती प्रादेशिकलाई न्यूनतम २५ बेड आवश्यक रहेको अनुमान गरिएको छ । तर ५ बेड मात्रै सञ्चालन हुँदा प्रदेशवासीले हैरानी खेप्दै आएका छन् । ५ बेडमा दैनिक विरामी भर्ना भएका हुन्छन् । अन्य जटिल प्रकृतिका बिरामीले अन्यत्र जानुपर्ने बाध्यता छ । सुविधा थप्न भने सुदूरपश्चिम सरकार उदासिन छ ।

धनगढीमा आवश्यक मात्रामा आइसीयू सेवा सञ्चालन नहुँदा विरामीका आफन्तले चर्को खर्च गरेर नेपालगञ्ज, चितवन, काठमाडौं लगायत भारतका विभिन्न सहरमा जानुपर्ने बाध्यता छ । तर प्रदेशका सामाजिक विकासमन्त्री लालबहादुर खड्काले आइसीयू बेड थप्नका लागि काम भइरहेको दाबी गरे । 'सेती प्रादेशिक अस्पतालमा छिट्टै २५ बेड आइसीयू सञ्चालन हुने गरी काम भइरहेको छ,' उनले भने, 'प्रदेशका अन्य अस्पतालमा पनि आइसीयू सेवा सञ्चालन गर्ने तयारी हुँदैछ ।'

# नेकपा मालेको महासचिवमा पुनःमैनाली

**दिलु नेपाल/मध्यान्ह**
चितवन, २९ कात्तिक




नेकपा (माले) को महासचिवमा पुनः सीपी मैनाली चयन भएका छन् । आठौं महाधिवेशनको बन्द शत्रले ५९ सदस्यीय केन्द्रीय कमिटी चयन गरेसँगै सोमबार बसेको पहिलो बैठकले महासचिवमा मैनालीलाई चयन गरेको हो । कात्तिक २७ देखि सोमबारसम्म सञ्चालन भएको महाधिवेशनले विधान संशोधन गरी हाल रहेको केन्द्रीय समितिको संख्या थप गरी ८१ पुऱ्याएको छ ।

पुसमा बस्ने मालेको केन्द्रीय समितिको बैठकले अन्य पदाधिकारी र विभागीय जिम्मेवारी बाँडफाँट गर्ने निर्णय गरेको मालेका केन्द्रीय सदस्य दीननाथ घिमिरेले जानकारी दिए । महाधिवेशनमा नेपाली क्रान्तिको कार्यक्रमः नयाँ जनवाद् र राजनैतिक प्रतिवेदन महासचिव मैनालीलले प्रस्तुत गरेका थिए ।

स्थायी कमिटी सदस्य एनपी आचार्यद्वारा संगठनका सिद्धान्त, डम्बर श्रेष्ठद्वारा पार्टी विधान संशोधन, पार्टी प्रवक्ता कुमार बेलबासेद्वारा पार्टीको तात्कालीन कार्यनीति र दिननाथ घिमिरेद्वारा संगठनात्मक प्रतिवेदन पेश गरेका थिए । पेश गरिएका प्रतिवेदन सुझावसहित पारित गर्ने निर्णय भएको घिमिरेले जानकारी दिए । महाधिवेशनले अहिलेको बेलायती शैलीको संसदीय प्रणाली नेपालमा असफल भई सकेकाले यसको खारेज गरी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संवैधानिक राष्ट्रप्रमुख बनाउनुपर्ने निर्णय गरेको छ ।

विधान संशोधन गरी सानो आकारको मन्त्री परिषद्को व्यवस्था हुनुपर्ने भनेको छ । मालेले विधानमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र विज्ञमन्त्री परिषद् १५ सदस्यीय हुनुपर्ने माग गरेको घिमिरेले जानकारी दिए । उनले भने, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र अन्य विज्ञ सदस्य रहने विधानमा उल्लेख गरेका छौं । सांसद् मन्त्री बन्न नहुने विधानमा उल्लेख गरिएको छ ।'

संसदीय निर्वाचन पूर्ण समानुपातिक हुनुपर्ने मालेले विधानमा उल्लेख गरेको छ । विधिको आधारमा दल चल्नुपर्ने, नेपाली मोडलको संघीयता कायम गरी प्रदेश खारेज गर्नुपर्ने मालेको मुख्य माग रहने गरी महाधिवेशन सम्पन्न भएको हो । महाधिवेशनले सात सदस्यीय वरिष्ठ कम्युनिष्ट सदस्य कमिटी गठन गर्ने निर्णयसमेत गरेको छ ।

महाधिवेशनपछि पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै महासचिव मैनालीले मालेलाई जनताको पार्टी बनाउने बताए । अहिलेको बाटो सबै कम्युनिष्टको माक्सवादी बाटो रहेको भन्दै उनले गलत सोच लिएर हिंड्नेले देशका लागि काम नसक्ने बताए ।

नयाँ शक्तिलाई लिएर देश, जनताको आवश्यकताअनुसार देश र जनताले मागेअनुसार परिवर्तन दिने पार्टीको रुपमा मालेलाई अघि बढाउने उनले बताए । अहिलेको संसदीय व्यवस्था खारेज गर्दै प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री ल्याउन मालेको योजना रहेको उनको भनाइ थियो । उनले भने, 'राजनीतिलाई देशमुखी, भ्रष्टाचार मुक्त, देशका समस्या समाधान गर्नुपर्ने मालेको मुद्दा रहनेछ ।' यस्ता कामले र मुद्दाले पार्टीलाई बलियो बनाउने उनले विश्वास दिलाए ।

## सर्वोच्चका...

नेपाल बारलाई वार्ताका लागि आह्वान गरेका थिए । तर बारले वार्तामा नआउने जवाफ फर्कायो । अझ कडा शब्दमा वार्ता आह्वानको प्रस्ताव भ्रष्टाचार छोप्ने षडयन्त्र भएको अर्थमा समेत व्याख्या गरे । यसअघि ६ कात्तिकमा पनि प्रधानन्यायाधीश र बारका पदाधिकारी बीच छलफल भएको थियो । छलफलका क्रममा गोलाप्रथाबाट इजलास तोक्ने प्रतिबद्धता जनाएका थिए भने बरिष्ठ अधिवक्ताको उपाधि बाँड्ने आश्वासन सहित फुलकोर्ट बोलाएका थिए ।

तर ७ कात्तिकमा बोलाइएको फुलकोर्ट बहिष्कार गर्दै न्यायाधीशहरुले इजलास बहिष्कार गर्न थालेका थिए । तर २८ कात्तिकसम्म एकठाउँ उभिएका सर्वोच्चका न्यायाधीशहरु आजबाट विभाजित हुन पुगेका छन् । सोमबार भएको बार र सर्वोच्चका न्यायाधीशहरुको छलफलबाटै न्यायाधीशहरु विभाजित बनेका हुन् । आजबाट इजलासमा बस्न तयार भएका न्यायाधीशहरु बारसँगको छलफलमा बसेनन् ।

अहिलेका सत्ता साझेदार दलहरुलाई प्रधानन्यायाधीश जबरासँग 'सेटिङ' को आरोप लाग्दै आएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला संवैधानिक नियुक्तिमा भागबण्डा भएको आरोप लागेको थियो । संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर गरिएको संवैधानिक नियुक्ति अहिले पनि सर्वोच्चमा विचाराधीन छ ।

सत्ता साझेदार दलहरुले भने प्रधानन्यायाधीश जबरालाई मन्त्रीकै कोटा दिएका थिए । २२ असोजमा प्रधानमन्त्री देउवाले गैरसांसद गजेन्द्रबहादुर हमाललाई उद्योग मन्त्री नियुक्त गरेकै कारण अहिले सर्वोच्चको संकट जटिल बन्दै गएको छ ।

## नेपाल...

गर्न पाउने गरी श्रमको हक प्रत्याभूति गरेको स्मरण गराए । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाई स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति सरकारले लिएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले श्रमलाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्ने रणनीति कार्यान्वयन गर्न सरकार अगाडि बढको बताए ।

भेटमा आइएलओका नेपाल निर्देशक होवार्डले श्रम प्रशासन सुधार, सीपयुक्त जनशक्ति निर्माणमा आइएलओले नेपालसँग थप साझेदारी र सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए ।

नेपाल सन् १९६६ मा संयुक्त राष्ट्र संघको विशिष्टकृत संस्था अन्तराष्ट्रिय श्रम संगठनको सदस्य भएको थियो । आइएलओको प्राविधिक सहयोगमा नेपालमा मर्यादित कामका लागि देशीय कार्यक्रम सन् २०१८-२०२२ सञ्चालनमा छ ।

## डराएका...

नै कानून व्यावसायीको अवरोधका कारण प्रधानन्यायाधीश जबरा वैकल्पिक मार्ग भएर प्रवेश गर्दै आएका थिए । प्रधानन्यायाधीश जबराको राजीनामा माग्दै आन्दोलनरत सर्वोच्चका न्यायाधीश विभाजित हुनु, बारले आन्दोलन थप सशक्त बनाउँदै लैजानु र प्रधानन्यायाधीश जबरा भने राजीनामा नगर्ने अडानमा अडिग रहनुले सर्वोच्चको संकट थप जटिल बन्दै गएको छ ।

तर सोमबार पनि राजनीतिक दलहरुले कुनै निर्णय लिएन । सर्वोच्चको संकट बढ्दै गएका बेला विदेश भ्रमणमा निस्किएका प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले कुनै ठोस् कदम चालेका छैनन् । काँग्रेसको महाधिवेशन निर्धारित समयमा गर्न नसकिरहेका प्रधानमन्त्री देउवा अहिले पनि आन्तरिक कलहबाट बाहिर निस्किएका छैनन् । प्रमुख विपक्षी दल नेकपा एमाले प्रधानन्यायाधीशकै पक्षमा छन् भने आन्दोलनरत पक्षको विपक्ष ।

सत्ता साझेदार दलहरु काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाभित्र केही दबाव बढेपनि ठोस् कदम अगाडि बढाएका छैनन् । जबकी अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरुले समेत यसतर्फ चासो देखाएका छन् । बारको आन्दोलन बिस्तार हुँदै गएको छ । तर दलका नेताहरुले भने सर्वोच्चको विवादमा नबोल्ने र न्यायाधीशहरुले नै समाधान गर्नुपर्ने बताउँदै आएका छन् ।

जबकी विपक्षी एमाले र

# बालकुमारी मन्दिर पुनःनिर्माण गर्न शिलान्यास

**दिपक घिमिरे/मध्यान्ह**
ललितपुर, २९ कात्तिक



ललितपुर महानगरपालिका वडा नं ८ स्थित बालकुमारी मन्दिर पुनःनिर्माण कार्यको शिलान्यास गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सोमबार बिहान मन्दिर पुनःनिर्माणको आरम्भ गरेकी हुन् ।

तीनै तहको सरकारको मद्दतले मन्दिरको पुनःनिर्माण कार्य सम्पन्न गर्ने विश्वास दिलाउँदै मन्त्री भुसालले भनिन्, 'स्थानीय तहले विशेष पहल लिएको छ, तीनै तहको सरकारको मद्दतमा तोकिएको समयमै पुनःनिर्माण कार्य सम्पन्न गरिनेछ ।'

मन्दिर गोर्खा भूकम्पले भत्काएको थियो । करिब ३८८ वर्ष पहिले पुनः निर्माण भएको मन्दिरको अन्वेषण आवश्यक रहेको बताउँदै उनले जीवन संस्कृतिसँग जोडिएको छ, पुनःनिर्माणसँगै यस मन्दिरको ऐतिहासिक अन्वेषण हुने बताइन् ।

कला सम्पदाले देशको सामाजिक सद्भाव र राष्ट्रको सम्बर्द्धन गरेर पर्यटन क्षेत्रको लाभ लिनुपर्नेमा जोड दिँदै उनले सम्पदाले देशको आर्थिक, सामाजिक विकासमा सहयोग पुऱ्याउने बताइन् । मन्त्री भुसालले भनिन्, 'ललितपुर कला, संस्कृति र सम्पदाले भरिपूर्ण भएको जिल्ला हो, यसको सही सदुपयोग गरेर यहाँका बासिन्दा र राष्ट्रले नै फाइदा लिनुपर्छ ।'

पुनःनिर्माण भएका सम्पदा भावी पुस्तालाई सहीरूपमा हस्तान्तरण गर्न सके कला संस्कृतिको संरक्षण हुने उल्लेख गर्दै उनले भक्तालु, श्रदालु एवं सम्पदाप्रमेमीलाई आ-आफ्नो ठाउँबाट सक्दो सहयोग पुऱ्याउन अपिल गरिन् । सो अवसरमा सांसद कृष्णलाल महर्जनले सम्पदाको संरक्षण गर्दै देशको विकासमा लागिपर्ने बताए ।

मन्दिर निर्माण प्राविधिक समितिका प्रमुख बाबुरत्न अवालले रु ४ करोडमा मन्दिरको एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको बताए ।

मन्दिर पुनःनिर्माण गत भदौं ३ गतेदेखि नै चालु रहे पनि सोमबार औपचारिक रुपमा शुरु गरिएको उनले बताए ।

# ककनी गाउँपालिकाले सबै शिक्षकको स्वास्थ्य बीमा गर्ने

नुवाकोट/मस- नुवाकोटको ककनी गाउँपालिकाले आफ्नो सेवा क्षेत्रका सबै शिक्षकको स्वास्थ्य बीमा गर्ने घोषणा गरेको छ।आइतबार गाउँपालिकाका अध्यक्ष मानबहादुर तामाङले गाउँपालिकामा रहेका सबै सामुदायिक विद्यालयका शिक्षकको १ लाख बराबरको स्वास्थ्य बीमा गर्ने घोषणा गरेका हुन् ।

गाउँपालिकाको सेवा क्षेत्रमा रहेको सामुदायिक विद्यालयका इसिडी, कार्यलय सहायक, निजी, अस्थायी, राहत र स्थायी गरी कुल ४ सय शिक्षक शिक्षिका रहेका छन् ।

गाउँपालिकाले स्वास्थ्य बीमाको घोषणा गरेसंगै एकीकृत अखिल नेपाल शिक्षक संगठन नुवाकोटका अध्यक्ष बिनोद लामाले गाउँपालिकाको निर्णयलाई स्वागत गरेका छन् ।

लामाले ककनी गाउँपालिकाले झैं सबै क्षेत्रका शिक्षकको अनवरत योगदानको स्थानीय सरकारले कदर गर्नुपर्ने प्रतिक्रिया दिए ।

# मुस्ताङ हिमपहिरोः १ सय २० चौरी बेपत्ता

**मुस्ताङ/मस**-मुस्ताङको थासाङ गाउँपालिका-२ को जंगलमा चराउन लगिएका १ सय २० याक र चौरी हिमपहिरोमा बेपत्ता भएका छन् । कोवाङ, लार्जुङ, बोक्सीखोला र नाउरिकोटको शिरमा रहेको मानापाथी हिमालबाट खसेको हिउँपहिरोमा परेर दुई गोठका याक र चौंरीगाई बेपत्ता भएका हुन् ।

हिउँपहिरोले नाउरीकोटकी रत्नकुमारी शेरचनको घरको छानो उडाएको वडा अध्यक्ष नरप्रसाद हीराचनले जानकारी दिए ।

उनले भने, 'भागदौड मच्चिदा सामान्य घाइते भएका कोबाङको जनआदर्श अमरसिङ माविका ११ जना शिक्षक विद्यार्थी जोमसोममा उपचारपछि घर फर्कनुभएको छ । भीम शेरचन र सकेन्द्र गौचनका ६५/६५ वटा याक चौंरीमध्ये १०/१२ वटा मात्र भेटिएका छन् ।'

हिमपहिरो आएको क्षेत्रमा भएका गोठाला सुरक्षितरुपमा सम्पर्कमा आएका छन् । १३० याक चौंरीमध्ये बाइनाकुलरले हेर्दा १०/१२ मात्र देखिएको र बेपत्ता चौंरी हिमपहिरोले पुरिएको हुनसक्ने अनुमान गरिएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए । हिमपहिरोले जंगलमा रुख ढलाएको छ । वन्यजन्तुको बासस्थानमा क्षति पुगेको छ । हिमपहिरोपछि बोस्की खोलामा पानीको सतह बढेको थियो । बेनी-जोमसोम सडकमा केही समय यातायात आवतजावत बन्द भएको थियो ।

नाउरीकोट गाउँको घरभित्र पसेको हिउँ पग्लिएर हिलाम्मे भएको छ । घरको छाना र आँगनमा सुकाएको बिस्कुन तथा खेतबारीको अन्नबालीमा पनि हिउँपहिरोले क्षति पुगेको छ । जंगलमा चर्न गएका गाई, भैंसी र भेडा पनि हताहत भएको हुनसक्ने वडाध्यक्ष हीराचनले बताए । उवा र फापरबालीमा क्षति पुगेको छ ।

सांसद प्रेमप्रसाद तुलाचन, प्रदेशसभा सदस्य चन्द्रमोहन गौचन, महेन्द्र थकाली, प्रजिअ शर्मालगायत सुरक्षा अधिकारीको टोलीले स्थलगत निरीक्षण गरेका छन् । क्षतिको विवरण संकलन भइरहेको कोवाङ प्रहरी चौकीका प्रमुख नेत्र जिटीले बताए ।

हिम पहिरोको धक्का नाउरिकोट गाउँ, बोक्सी खोला नजिक बेनी-जोमसोम सडकसम्म आउँदा त्रसित भएर भागाभाग भएको जनआदर्श अमरसिङ माध्यमिक विद्यालयका प्रअ खेम गुरुङले बताए । हिउँदयाममा हिउँ जम्नुपर्नेमा बेमौसममा हिमपहिरो गएको प्रतिनिधिसभा सदस्य तुलाचनले बताए ।


## साउदीमा रोजगारको अवसर | १. कम्पनी : SAUDI MARKETING COMPANY
शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७८/०६/१९ | चलानी नं.: ६०१६४८७१ | LT. No.: 247371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 1 | 0 | सम्बन्धित कामम दक्ष | 1100 | ३४,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Cleaner | 1 | 0 | | 1100 | ३४,८४८ | | | | | | | |

२. कम्पनी : SAUDI MARKETING COMPANY | शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७८/०७/०३ | चलानी नं.: ६०१६५६०३ | LT. No.: 247370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Laborer | 3 | 0 | सम्बन्धित कामम दक्ष | 1100 | ३४,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 3 | 0 | | 1100 | ३४,८४८ | | | | | | | |
| 3. | Loading Unloading Labor | 5 | 0 | | 1100 | ३४,८४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

S अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ४७०/०६०/६१
बसुन्धारा-३, काठमाडौं
Mob: 9844065129, 9851129355, Email: misnepal09@gmail.com



## कम्पनीको नाम तथा ठेगाना परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/०७/३०

यस कम्पनीको मिति २०७८/६/७ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साबिकको कम्पनी एन एण्ड एन निमार्ण सेवा प्रा.लि.(प्रा.लि.नं. २२८४५५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा लिनु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी निर्मिका निमार्ण सेवा प्रा.लि. कायम गर्ने तथा कम्पनीको ठेगाना नवलपरासी जिल्ला, गैडाकोटबाट रजिष्टर्ड कार्यालयको ठेगाना स्थानान्तरण गरि काठमाडौं जिल्ला बु.न.पा वडा नं. ९ मा गर्न स्वीकृत प्रदान हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## VACANCY ANNOUNCEMENT

Our organization is looking for an ABA (Applied Behavior Analysis) Technician with at least 5 years experience of working with autistic children.

Preference will be given to individuals between the age of 25 – 35 years who have completed the BCaBa course.

Interested Candidates are requested to apply to avaanifoundation@gmail.com along with their biodata and a letter of recommendation before November 30, 2021.

AVAANI FOUNDATION



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/११/१३ मा दर्ता भएको **प्रा.लि. नं. १८४४९६** को **हिमानी ड्रिम्स ट्रेक्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति: २०७८/०७/३०

यस कम्पनीको मिति २०७८/०७/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको कम्पनीको नाम **शिवढाडी नार्माजुड निर्माण सेवा प्रा.लि. मेलौली न.पा.-७, बैतडीको** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा लिनुं व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/२५ को निर्णयानुसार कम्पनीको नाम र ठेगाना परिवर्तन गरि **सिद्धबाबा नार्माजुड निर्माण सेवा प्रा.लि.(प्रा.लि. नं १८३४९१), शिवनाथ गा.पा.-२, बैतडी, सुदूर पश्चिम** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी भक्तपुर
श्री नेपालन मानस विकास सेवा प्रा.लि. नेपालगञ्ज न.पा. (साबिक वडा नं. -१६ हाल वडा नं. -१२ बाँकेको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना
तेस्रो पटक प्रकाशित मिति २०७८।०७।३०

यस परिषद् कार्यालयबाट सम्बन्धन /स्वीकृती लिई विभिन्न छोटो अवधीको तालीम सञ्चालन गर्ने संस्था श्री नेशनल मानस विकास सेवा प्रा.लि. नेपालगञ्ज न.पा. (साबिक वडा नं. - १६ हाल वडा नं. -१२ बाँकेले संस्थाको नाम परिवर्तन गरी श्री नेशनल मानस विकास ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि. नेपालगञ्ज न.पा. (साबिक वडा नं.-१६ हाल वडा नं.-१२ बाँके कायम गराइ पाउ भनी दिएको निवेदन उपर यस परिषद् कार्यालयको मिति २०७८।०७।१९ गतेको निर्णय अनुसार उल्लेखित दुवै संस्था र कार्यक्रम प्रति कोही कसैको लेनदेन हकदावी विरोध सम्बन्धी कुनै प्रकारको गुनासो उजुरी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा प्रमाण सहित हकदावी उजुरी गर्नुहुन सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भै आए अनुसार नाम परिवर्तन प्रकृया अगाडी बढ्ने व्यहोरा जानकारी गराइन्छ । साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

प्राविधिक शिक्षा तथा
व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर ।
फोन नं. ०१-६६३०४०८

**नवलपरासी डायरी**

रेशम अधिकारी/मध्यान्ह

## देशको एक इन्च भूमि पनि गुम्न दिइनेछैन: मन्त्री शर्मा



लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा संचारमन्त्री तिलकराम शर्माले पश्चिम नवलपरासीको त्रिवेणी पारी सुस्ता पुगेर देशको एक इन्च भूमि पनि गुम्न नदिइने बताएका छन् ।

सुस्तामा आयोजित प्रेस सेन्टर नवलपरासीको अधिवेशनलाई सम्बोधनका क्रममा मन्त्री शर्माले सिमा समस्या अहिलेपनि समाधान नभइसकेको उल्लेख गर्दै कुनैपनि अवस्थामा देशको सिमाना मिच्न नदिइने बताए ।

नवलपरासी जिल्लाका पत्रकार र सुस्ता ५ का जनसमुदायको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम मन्त्री शर्माले सुस्तामा टेलिकमको टावर राख्न सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

उनले भने 'तपाईंहरूले निवेदन दिनुहोस्, सुस्तामा संचार टावर राख्ने व्यवस्था म मिलाईदिनेछु ।'

त्यसैगरी सुस्ताको विकासमा माओवादी केन्द्र हिजो पनि लागिपरेको र आगामी दिनमा पनि लागिपने उनले बताए । माओवादी केन्द्रका केन्द्रीय सदस्य समेत रहेका उनले नारायणी नदीमा पुल (सुस्ता पुल) निर्माणको लागि माओवादी मन्त्रीले नै बजेट विनियोजन गरेको दावी गरे । उनले भने, 'यहाँको पुल निर्माणको लागि तत्कालिन अर्थमन्त्री वर्षमान पुनले पहिलो पटक बजेट विनियोजन गर्नुभएको हो, यसलाई पूरा गर्न पनि हामीले पूर्ण सहयोग गर्नेछौं ।'

सुस्ता क्षेत्रमा बाटो निर्माणपनि माओवादी केन्द्रकै पहलमा भएको उनको दावी छ ।

**अध्यक्षमा पोखरेल चयन**

अधिवेशनले राजु पोखरेलको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको छ । जसको उपाध्यक्षमा चिरञ्जीवी न्यौपाने र सोमकली थारु, सचिवमा विष्णु खनाल, सहसचिव रेशम अधिकारी र पिपला अस्लामी मगर कोषाध्यक्षमा राम कुमार हरिजन र सदस्यहरूमा गौतम कुमार हरिजन, कृष्णा श्रेष्ठ, सुस्मीता सुनार र सुस्मा विश्वकर्मा रहेका छन् । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, प्रेस सेन्टरका केन्द्रीय सदस्य, विभिन्न जिल्लाका प्रेस सेन्टरका प्रतिनिधि तथा बुद्धिजिविहरूको उपस्थिति रहेको थियो ।

## ओझेलमा देवदह ताल

नवलपरासीको सुनवल नगरपालिका-७ स्थित तरगौलीमा रहेको देवदह ताल ओझेलमा परेको छ । उचित संरक्षण तथा सम्वर्द्धनको अभावमा ऐतिहासिक प्राकृतिक ताल ओझेलमा परेको हो ।

तालमा पर्याप्त पानी भएपनि जल्कुम्बी र झारले तालको सुन्दरता छोपिएको छ । यो तालको गहिराइ कति छ ? भन्ने अहिलेसम्म कसैलाई थाहा छैन् । पर्यटकीय सम्भावना बोकेको तालको संरक्षण हुन नसक्दा नगरमा आन्तरिक पर्यटनसमेतको प्रवर्द्धन हुन सकेको छैन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सुनवल नगरपालिकाको ज्यामिरेबाट चार किलोमिटर दक्षिण तर्गौलीमा रहेको उक्त ताल क्षेत्रमा ऐतिहासिक साम्यमाई मन्दिर, बौद्ध गुम्बासहितको हरियाली र रमणीय प्रकृतिक सुन्दर वातावरण रहेको छ । कोलीय गणराज्यभित्र पर्ने देवदह ताल तरगौलीमा गौतमबुद्धकी आमा मायादेवीले स्नान गरेको तथा सो क्षेत्रमा मायादेवीकी माइली बैनी साम्यमाईको परिवार बसोबास गर्ने सुन्दर राजमहल रहेको बुद्धस्य जीवनमा वृत्तान्त नामक ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

उक्त ताल संरक्षणका लागि योजना बनाएर अगाडि बढ्ने सुनवल नगरपालिका वडा नं. ७ का अध्यक्ष बसन्तराज दाहाल बताए । 'देवदह तालको महत्व धेरै छ । यो ऐतिहासिक महत्व बोकेको ताल पनि हो । पहिले हामीले तालकै लागि बजेट छुट्याएर पोखरी सरसफाइ पुननिर्माण जस्ता कामहरू पनि भएका छन्' अध्यक्ष बराले भने । कोभिड-१९ को महामारीको कारण तालको पूर्वाधार विकास गर्न बजेट निकासाको काम भइरहेको र उपयुक्त संरक्षणको अभावमा कुरूप बन्दै गएको अध्यक्ष दाहालले पनि स्वीकार गरे ।

ताल संरक्षाणका लागि उपराष्ट्रपति नन्द बहादुर पुनसँग आग्रह समेत गरिएको र अब ताल संरक्षणका लागि योजना बनाएर अघि बढ्ने उनको भनाइ रहेको छ । वास्तविक देवदह ताल यही तरगौली भएपनि ओझेलमा पर्दै गएको ऐतिहासिक देवदह ताल संरक्षण समितिका कोषाध्यक्ष राम बहादुर महत बताउँछन् । महतका अनुसार विकासको लागि स्थानीय सरकारको बजेटले मात्र प्रयाप्त नभएकोले प्रदेश र केन्द्र सरकारबाट पनि बजेट निकास हुनसके यहाँको मुहार फेरिन सक्छ । कहिलेकाहीँ दहकोबीचमा सुनको नथुनी लगाएको माछा देखिने तर पछि उक्त माछा लोप भएको तथा ती माछा खान पनि नहुने विश्वास रहेको स्थानीय पुजारी कुल प्रसाद कठरियाले जानकारी दिए ।

तरगौलीमा रहेको देवदह तालको संरक्षण र विकास गरी कुशल व्यवस्थापन गर्न सकेमा यस ठाउँको महत्व एवं सामाजिक, आर्थिकस्तरलाई माथि उठाउन सकिने सम्भावना रहेको स्थानीयवासी राजु केसी बताउँछन् । दहलाई पर्यटकीय हिसाबले विकास गर्न सक्ने हो भने वडावासीहरूको जीवनस्तर उकासिने उनले बताए । लुम्बिनी विकास कोषबाट प्राप्त हुने बजेट केही वर्षदेखि नपाएपछि हाल ताल संरक्षणका लागि मन्दिरमा चढाउने भेटी प्रयोग गरिएको छ । यस क्षेत्रका बुद्धस्थललाई समेटेर एकीकृत विकास गरिनुपर्ने उनको भनाइ रहेको छ ।

२५१० वर्ष पहिलाको बुदस्य जीवन वृत्तान्तम नामक ग्रन्थमा उल्लेख भएअनुसार बुद्धको विवाहपश्चात श्रीमती भागेर माइत गएपछि खोजिका लागि बुद्ध मावली आउँदा आफ्नो श्रीमतीलाई नभेटेपछि विरक्तीएर सिकार खेल्न कमल पोखरी अर्थात देवदह ताल तरगौलीमा आइपुगेको र आफ्नो साथमा भएको धनुवाणले चारो लिन आएको राजहंसलाई मार्न खोज्दा राजहंशले प्राथना गरी मलाई मात्र होइन मेरा छोराछोरीहरुलाई सबैलाई मार भनेपछि बुद्धको ज्ञान खुल्यो र माहात्मा बन्न प्रेरणा पुगे भन्ने धार्मिक विश्वास रहेको छ ।

उनको साथमा रहेका हतियारहरु सोही ठाउँमा फ्याके र तालको पूर्वपट्टिको पाकडी रुखमुनि सात दिनसम्म तपस्या गरेका हुन भन्ने किम्बदन्ती पाइन्छ । गौतमबुद्धका आमाहरु तीन बहिनी रहेको र मायादेवीकी माहिली बहिनी साम्यमाई यसै तरगौली गाउँमा बसोवास गरेको हुदाँ उनलाई साम्यमाई भनिएको हो ।

शास्त्रका अनुसार यस ऐतिहासिक साम्यमाई मन्दिरको चारै तिर महलहरु थिए । नेपाललाई विश्वले बुद्ध र सगरमाथाको देश भनेर चिन्छ । हामीले बुद्धकालिन सम्पदाहरूको संरक्षण, खोज, अनुसन्धान र विकास गर्न सके विश्वका बौद्धमार्गी लगायत सबैखाले पर्यटकहरूको यहाँ भिड लाग्ने र त्यसले देशकै पर्यटन विकासमा टेवा पुऱ्याउनेछ ।

# 'राष्ट्रिय गौरवका आयोजनामा अन्तर मन्त्रालयबीच समन्वय आवश्यक'



**काठमाडौं/मस**–रक्षामन्त्री डा.मीनेन्द्र रिजालले राष्ट्रिय गौरवका आयोजना गुणस्तरीय ढंगबाट निर्धारित समयमै पूरा गर्न अन्तर मन्त्रालयबीच समन्वयको आवश्यकता रहेको बताएका छन् ।

रक्षा मन्त्रालयको चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको सोमबारको बैठकमा मन्त्री रिजालले समीक्षामा उठेको विषयवस्तुको गाम्भीर्यतालाई हेक्का गरी जिम्मेवारपूर्वक कार्य सम्पादन गर्न विभिन्न मन्त्रालयका सहभागी प्रतिनिधिलाई निर्देशन दिए । उनले भने, 'आज यो मन्त्रालयले के कुरा राख्यो, विभिन्न मन्त्रालयबाट आउनुभएको प्रतिनिधिले के कुरा सुन्नुभयो, के भन्नुभयो, एउटै बुझाइ हुनुपर्‍यो । अनि मात्र समयमै गुणस्तरीय परिणाम दिन सक्छौं ।'

प्रधानसेनापति प्रभुराम शर्माले सेनाको व्यवस्थापनमा रहेको आयोजना ढिलासुस्ती र अनियमितता नहुने बताए । उनले भने, 'शून्य बजेट कल्पना गरी कामको जिम्मेवारी दिइने प्रवृत्ति अन्त्य हुनुपर्छ, मुलुकका विभिन्न भागमा भएका विपद्का घटनापछि सेनाले जनतालाई सक्दो सहयोग पुऱ्याइरहेको छ ।

प्रतिरक्षा विश्वविद्यालय सेनाको मात्र नभई राज्यकै इज्जत र प्रतिष्ठा हो ।' राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुँयालले राज्यले सफल अभ्यासका रूपमा राष्ट्रिय गौरवका सडक पूर्वाधार निर्माणमा सेनालाई जिम्मेवारी दिने क्रममा द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मेवारी थपिएको बताए । उनले भने, 'रक्षा मन्त्रालयबाट सम्पादित कार्यलाई परिष्कृत र विशिष्टिकृत तुल्याउँदै लैजानुपर्छ, अनुकरणीय ढंगबाट अघि बढाउन खोजिएको प्रतिरक्षा विश्वविद्यालय निर्माणलाई सबै तहले सहयोग पुऱ्याउन आवश्यक छ, आयोजना समयमै पूरा गर्न बजेट, क्षमता र समयबीच तादात्म्यता मिलाउन सक्नुपर्छ ।'

मन्त्रालयका सचिव बेगेन्द्रराज शर्माले राष्ट्रिय गौरवलगायतका आयोजनामा कम्तीमा पनि पूर्वानुमानयोग्य बजेटको सुनिश्चितता हुन आवश्यक रहेको बताए । उनले भने, 'बजेटको सुनिश्चितता, समयमै अख्तियारी, प्रतिरक्षा विश्वविद्यालयलाई बहुवर्षीय आयोजना स्वीकृति र बेरुजु फछ्र्योटमा सहजीकरण, सेनाको विज्ञता र व्यावसायिकताअनुसार जिम्मेवारी प्रदान गरिनुपर्छ ।'

प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समितिका अध्यक्ष बालानन्द शर्माले विश्वविद्यालयको सीमांकन क्षेत्रभित्रको १०० रोपनी जग्गा समयमै अधिग्रहण गर्न, पहुँचमार्ग फराकिलो तुल्याउन तथा समितिमा नियुक्ति पाएका पदाधिकारीको पारिश्रमिकका लागि बजेट व्यवस्थाका लागि आग्रह गर्दै आयोजनाको लक्ष्यभन्दा बढी काम भएको जानकारी दिए ।

बैठकमा अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन, वन तथा वातावरण, उद्योग, वाणिज्य तथा आपूर्ति, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका प्रतिनिधिले रक्षामन्त्रालय मातहत सञ्चालित राष्ट्रिय गौरव र अन्य विकास आयोजनालाई समयमै सम्पन्न गर्न सहयोग र सहकार्य हुने प्रतिबद्धता जनाएका थिए ।

सो अवसरमा नेपाली सेना इन्जिनियरिङ महानिर्देशनालयका प्रमुख उपरथी शरदलाल श्रेष्ठले कर्णाली कोरिडरसहित विभिन्न सडक आयोजना र राष्ट्रिय गौरवको काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजना प्रमुख सहायकरथी विकास पोखरेलले आयोजनाका लागि समयमै बजेटको व्यवस्थापन गर्न आग्रह गरेका थिए ।

द्रुतमार्ग आयोजनाको समग्र वित्तीय प्रगति १४.५१ र भौतिक प्रगति १६.१० रहेको जानकारी दिइयो । करिब एक खर्ब ७५ अर्ब १९ करोड लागत अनुमान गरिएको उक्त आयोजनाको हालसम्म बजेट खर्च रु २५ अर्ब ३९ करोड रहेको विवरण प्रस्तुत गरियो ।

समीक्षामा मन्त्रालयका सहसचिव डा.बाबुराम अधिकारीले चालु आर्थिक वर्षका लागि मन्त्रालयलाई विभिन्न निकायबाट प्राप्त स्रोतसमेत रु.६५ अर्ब ५४ करोड ९२ लाख बजेट प्राप्त भएकामा हालसम्मको वित्तीय प्रगति २७.६७ रहेको जानकारी दिए ।

समीक्षामा मन्त्रालयका तर्फबाट द्रुतमार्गका लागि खोकना क्षेत्रको जग्गा प्राप्तिमा कठिनाइ भएको, रुख कटानको जटिलता कायमै रहेको, प्रतिरक्षा विश्वविद्यालय बहुवर्षीय आयोजनका रूपमा स्वीकृत नभएको, बेरुजु फछ्र्योटमा विशेष ध्यान दिन जरुरी रहेको तथा बहुवर्षीय योजनाअनुरूप बजेट सुनिश्चित हुनु पर्नेलगायतका विषयमा प्रस्तुती भएको थियो ।

मन्त्रालय मातहत द्रुतमार्ग, विभिन्न पाँचवटा सडक आयोजना, प्रतिरक्षा विश्वविद्यालय निर्माण, राष्ट्रपति चुरे-तराई मधेस संरक्षण, ऐतिहासिक गढी किल्ला संरक्षण र विकास, बंकरदेखि ब्यारेकलगायतका महत्वपूर्ण आयोजना र कार्यक्रम सञ्चालनमा छन् ।

## शंखधर उद्यान तयार



**भक्तपुर/मस**–मध्यपुर थिमिस्थित शंखधर चोकमा आकर्षक शंखधर उद्यान निर्माण गरिएको छ । नगर-नगर साझेदारी कार्यक्रमअन्तर्गत काठमाडौं महानगरपालिकाको दुई करोड र मध्यपुरथिमि नगरपालिकाको चार करोड रुपैयाँको लागतमा सो उद्यान तयार पारिएको हो ।

शंखधर दिवसको अवसर पारेर काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले उद्यानको शुभारम्भ गर्दै उपत्यकाका १२ नगरपालिकालाई धार्मिक तथा पर्यटकीय उद्यान तथा बहुद्देश्यीय उद्यान निर्माणका लागि सहयोग गर्दै आएको बताए ।

उनले भने, 'काठमाडौं महानगरपालिका सबैभन्दा जेठो र स्रेत साधन पनि धेरै भएको सांस्कृतिक पालिका हो, आफ्नो नगरपालिका मात्रै बनाएर हुँदैन, छिमेकी नगरपालिका पनि बनाउनुपर्छ तब मात्र महानगरपालिकाको गौरब बढ्छ भनेर नगरपालिका नगरपालिका साझेदारी कार्यक्रम अगाडि बढायौं, यसको एउटा नमूना यो उद्यान हो ।' कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले भने, 'शंखधर उद्यान निर्माणका लागि कूल रु १३ करोडको गुरुयोजना स्वीकृत गरेका थियौं, यसमा पहिलो चरणको काम सम्पन्न गऱ्यौं, बाँकी काम अर्को वर्ष अर्को कार्यकालका लागि बाँकी राखेका छौं, बाँकी काम सम्पन्न गर्न महानगरले आगामी वर्ष अझ धेरै आर्थिक सहयोग गर्छ भन्ने विश्वास लिएको छु ।'

करिब १३ रोपनी क्षेत्रफलमा ढुंगाको खुट्किला, पानीको झरना, झुण्डिएको बगैंचा, ढुंगेधारा, एम पी थियटर (डबली), पदमार्ग, दुबो रोपेर हरियो बगैंचा, ह्याङ्गिङ गार्डेन, निर्माण भएको छ । गुरुयोजनाअनुसार बाँकी पाँच रोपनीमा हरियो उद्यान, चिल्ड्रेन पार्क, परम्परागत शैलीको सत्तल (पाटी), शंखधर साख्वाःको शालिक, ठूलो शंख, रक क्लाइम्मिङ, रोप क्लाइम्मिङ निर्माण गर्ने काम बाँकी भएको छ ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठले महानगरपालिकाले पनि संस्कृति, सम्पदा संरक्षणमा हातेमालो गर्दै अघि बढेको बताइन् ।

कार्यक्रममा शंकरापुर नगरपालिकाका प्रमुख सुवर्ण श्रेष्ठ, शंखधर साख्वाः प्रतिष्ठानका उपाध्यक्ष ज्ञानराम श्रेष्ठ, मध्यपुर थिमि नपा वडा नं ४ का सदस्य रामकेशरी श्रेष्ठलगायतले शंखधर उद्यान र सम्पदा संरक्षणमा थिमिले चालेको कदमको चर्चा गरेका थिए ।

सो अवसरमा भैरव-काली, महाकाली, लाखे, महामञ्जुश्री, कुमारी नृत्य, नौ बाजा तथा गीत प्रस्तुत गरिएको थियो ।

## भारतको सहयोगमा ५० हजार निजी आवास पुन:निर्माण

**काठमाडौं/मस**–भारत सरकारको आर्थिक तथा राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) र राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (युएनओपीएस) को प्राविधिक एवं सामाजिक सहजीकरणमा गोरखा र नुवाकोट जिल्लामा ५० हजार निजी आवास पुन:निर्माण भएका छन् ।




गोरखा भूकम्पबाट ती जिल्लामा भत्केका भवन पुन:निर्माणको परियोजना सञ्चालन गरेको भारत सरकारले सोमबार उक्त परियोजना पूरा भएको जनाउँदै परियोजनाबाट सिकेका पाठ र अनुभवबारे जानकारी दिन आज यहाँ कार्यशाला गरेको छ ।

कार्यशालाका प्रमुख अतिथि राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले उत्थानशील पुन:निर्माणमा सघाएकामा भारतसहित नेपालका विकासका साझेदारप्रति हार्दिक आभार व्यक्त गर्दै विपद् व्यवस्थापनको क्षेत्रमा प्राधिकरणले धेरै पाठ सिकेको बताए ।

भारतीय राजदूतावासका नियोग उपप्रमुख नामग्य सी खम्पाले नेपालसँगको सम्बन्धलाई भारतले उच्च महत्व दिएको बताउँदै सोमबार सम्पन्न परियोजनाले जनस्तरको आपसी सम्बन्धलाई थप उजागर गरेको उल्लेख गरे । नेपाल सरकारका विकास-निर्माणका साथै पुन:निर्माणका प्रयासमा भारत सरकारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।

युएनडिपीका आवासीय प्रतिनिधि आइसानी मेदागाङगोदा लाबेले विपद् व्यवस्थापनमा नेपाल सरकार र विकासका साझेदारहरूसँग सहकार्य एवं साझेदारी गर्न युएनडिपी सधैं तत्पर रहेको बताए । उनले विपद् जोखिम घटाउनेसम्बन्धी सेन्डाइ संरचना कार्यान्वयनमा नेपाल सरकार संवेदनशील रहने विश्वास व्यक्त गरे ।

कार्यशालामा निजी आवास पुन:निर्माण परियोजनालाई प्रभावकारी ढङ्गले सफलतापूर्वक सम्पन्न गर्न स्थानीय सरकार र राष्ट्रिय पुन:निर्माण प्राधिकरणका निकायले निर्वाह गरेको निर्णायक सराहना गरिनाका साथै परियोजनासँग सम्बन्धित प्रमुख सरोकारवालाले आफ्ना अनुभव सुनाएका थिए । उत्कृष्ट अभ्यासहरूबारे जानकारी दिनुका साथै परियोजनाबाट सिकेका मुख्य सिकाइहरू सहभागीले आदानप्रदान गरेका थिए । स्थानीय सरकारलाई मार्गदर्शन र भविष्यमा उपयोगी हुनसक्ने परियोजनाको प्रभावकारिताबारे पनि सामूहिक छलफल भएको थियो ।

## ओखलढुंगामा जीप दुर्घटना, चार जनाको मृत्यु

**ओखलढुंगा/मस**–ओखलढुंगामा तीर्थयात्री बोकेको बोलेरो दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने १४ घाइते भएका छन् ।

प्रदेश नम्बर ३ को ०१०२२ च ९६९४ नम्बरको बोलेरो सुनकोशी गाउँपालिका-९ को सिकारीडाँडामा सोमबार विहान दुर्घटना भएको थियो ।

बलेरोमा चम्पादेवी ककनी मन्दिर दर्शन तथा एकादशी मेला भर्न जाने भक्तजन रहेको बताइएको छ । दुर्घटनामा परी मृत्यु हुनेमा सिद्धिचरण नगरपालिका १० बेतिनी रुप्सेका ३५ वर्षीया मिठुमाया मगर, सोही ठाउँका अन्दाजी १७ वर्षीया तुलसा मगर र उमेर नखुलेका खगेन्द्र मगर रहेका छन् । थप दुई जनाको उपचारका क्रममा मृत्यु भएको हो । बलेरोमा १८ जना सवार रहेको र बलेरो सडकबाट करिब ६०० मिटर तल झरेको बताइएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७४/१२/१८ मा दर्ता भएको **प्रा.लि. नं. १८६८०७** को **इन्साईडर मिडिया प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कुवेतमा रोजगार** | कम्पनी : RETAJ FOR SWEETS & PASTRIES CO. (RATAJ CO.FOR SWEETS & PASTRY)
शहर : MUBARAK ALKABIR
पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५४७ L.T. No.:250002

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 7 | 3 | स. काममा दक्ष | 120 | ४७,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कतारमा रोजगारको अवसर** | कम्पनी : ULTIMATE TRANSPORT AND SERVICES
शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७७/१२/१३ चलानी नं.: ६०१५६२०२ L.T. No.: 237842 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chassis Welder | 2 | 0 | स. काममा दक्ष | 1300 | ४२,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Kalopul, Kathmandu, Nepal, Tel.: 01- 4412370, 4412377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

**यूएई र कतारमा रोजगार** | १. कम्पनी: PETROLAND RECRUITMENT L.L.C.
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६६६ LT. No.: 250687

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer Assistant | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | ३३,९५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber Assistant | 35 | 0 | | 1050 | ३३,९५७ | | | | | | | |

२. कम्पनी: HARBOUR INN CLUB JAFZA
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६६५ LT. No.: 250774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 50 | 30 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 100 | 0 | | 900 | २९,१०६ | | | | | | | |
| 3. | Cook | 20 | 0 | | 1200 | ३८,८०८ | | | | | | | |

३. कम्पनी: GROUP TEN CO.WLL
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६६७ LT. No.: 250768

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३२,४३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Sagar Recruitment Pvt. Ltd.**
Gov. Lic No. 895/067/068
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal
Tel: +977- 1- 4442232, Fax: +977-1- 4442285, Mob.: 9851016252, 9801049210
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा २०६९/०९/१६ मा दर्ता भएको **प्रा.लि. नं. १०८४५१ को राजधानी ट्रेडर्स (प्रा.लि.)**, नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सम्पादकीय

### संकटबाट नभाग !

सर्वोच्च अदालत गम्भीर संकटतिर धकेलिदै गएको छ । सोमबार दिनभर देखिएको घटनाक्रम र दृष्यले सर्वोच्च अदालत गम्भीर संकटतिर धकेलिएको अनुमान गर्न सकिन्छ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै ७ कात्तिक देखि सर्वोच्च अदालतका न्यायाधीशहरू सोमबार विभाजित भएका छन् । पाँच न्यायाधीशले मंगलबार देखि काममा फर्कने भएका छन् । सर्वोच्चका सवै न्यायाधीशले प्रधानन्यायाधीश जबराको राजीनामा नआएसम्म इजलास बहिष्कार गर्ने अडान लिएका थिए । तर सोमबार पाँच न्यायाधीश अन्य न्यायाधीशहरूसँग बसेनन् । कानून व्यवसायीहरूसँगको छलफलमा एघार न्यायाधीश मात्रै छलफलमा बसे । सोमबार नै प्रधानन्यायाधीश जबराले वार्तामा आउन कानून व्यवसायीहरूलाई आह्वान गरेका थिए । कानून व्यावसायीहरूले भने प्रधानन्यायाधीशले बोलाएको वार्तामा नबस्ने जवाफ फर्काएका छन् ।

शुक्रबार देखि प्रधानन्यायाधीश जबरालाई सर्वोच्च प्रवेशमै रोक लगाउँदै आएको बारले सोमबार पनि आन्दोलन जारी राख्यो । कानून व्यावसायीहरूको आन्दोलनमा प्रहरी हस्तक्षेपको प्रयास दिनहुँ भइरहेको छ । तर कानून व्यावसायीहरूले भने प्रधानन्यायाधीश जबराको राजीनामा नआएसम्म आन्दोलन नरोक्ने, बरू देशव्यापी आन्दोलनको चेतावनी दिदै आएका छन् । प्रधानन्यायाधीश जबराले राजीनामा नदिने, सके महाअभियोगको चेतावनी दिइरहेका बेला दलहरू भने मौन छन् । दलहरूले ठोस् निर्णय नगरेसम्म महाअभियोगको चेतावनीले सार्थकता पाउने छैन । प्रधानन्यायाधीश जबराले दलका नेताहरूसँगको मिलेमतोमा न्यायिक विश्वास गुमाउने काम गरेको भन्दै सर्वोच्चका न्यायाधीशहरू, कानून व्यावसायीहरू र चार पूर्व प्रधानन्यायाधीश सहित न्यायिक क्षेत्रको सरोकारवाला निकाय आन्दोलित छन् ।

यी सवै दृष्यले सर्वोच्च अदालत गम्भीर संकटतिर फस्दै गएको देखिन्छ । किनभने चार न्यायाधीश काममा फर्किनुले कम्तिमा प्रधानन्यायाधीशलाई थोरै नैतिक बल पुग्न सक्छ । त्यसैपनि न्यायालय भन्दा आफ्नो पद महत्वपूर्ण मानिरहेका प्रधानन्यायाधीश टेक्ने सानो ठाउँ भएपनि निकाल्न चाहन्थे । बारसँग बरिष्ठ अधिवक्ताको उपाधि बाँड्ने ललिपप बाडेपनि काम लाग्न सकेको थिएन । तीन साता बढी न्यायालय अवरूद्ध हुँदा र सर्वोच्चमा प्रवेश रोक लगाउँदा पनि नैतिकता देखाएका थिएनन् । त्यसैले सोमबार जस्ता घटनाक्रम विकसित भए यसले राज्यको शक्ति सन्तुलन बिग्रने मात्रै नभएर नागरिकमा न्यायालयप्रतिको विश्वास गुम्ने खतरा रहन्छ । अतः न्यायालयको विवाद सर्वोच्चको चौघेराभित्रको मात्रै कुरा होइन भन्ने बुझाइको विकास सम्बन्धित निकायले हेक्का राख्न जरूरी छ ।

# न्यायालयमा पुनर्संरचनाको सवाल

आन्दोलन उठ्नुको पछाडि चोलेन्द्र शमशेरको आचरणगत कमजोरी र क्षमतागत् समस्या त छँदैछन, तर त्यसको अलवा नेपालको संविधान र संविधानले निर्माण गरेका संरचनाहरु पनि त्यत्तिकै दोषी र जिम्मेवार देखिन्छन् ।



● डा.शिवराज पण्डित

गत तीन सातादेखि सर्वोच्च अदालतका सबै काम कारबाही ठप्प छन् । सर्वोच्चकै न्यायाधीशहरु र नेपाल बार एशोसिएशन प्रधानन्याधीश चोलेन्द्र शमशेर राणाको राजिनामाको माग राख्दै चरणवद्ध आन्दोलनमा छ । न्यायालय इतर बृहत्त नागरिक आन्दोलन, त्रिभुवन विश्वविद्यालयका पूर्व कुलपति, प्राध्यापक, स्वतन्त्र बुद्धिजीवीहरु र एमनेष्टी इन्टरन्यासनललगायतका अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरुले पनि प्रधानन्यायाधिशविरुद्धको आन्दोलनप्रति एक्येवद्धता जनाएका छन् । निकै छोटो समयमै प्रधानन्यायाधीशविरुद्धको आन्दोलन राष्ट्रव्यापी बनेको छ । एमनेष्टीलगायतका मानवअधिकारवादी र कानुन सम्वद्ध संस्थाहरुले विज्ञप्ती निकालेको परिप्रेक्ष्यमा प्रधानन्याधीशविरुद्धको आन्दोलन अब राष्ट्रको मात्र नभई अन्तराष्ट्रिय समुदायको समेत चिन्ता र चासोको विषय बनेको छ ।

प्रधानन्यायाधीश राणाविरुद्धको आन्दोलनले व्यापक उचाई लिँदासम्म सत्तारुढ दल र प्रतिपक्ष दल सम्वद्ध नेताहरु भने आन्दोलनप्रति जबरजस्त मौनता साँधिरहेका छन् । उनीहरु आन्दोलनलाई अदालतभित्रको आन्तरिक समस्या भन्दै पन्छिरहेका छन् । के न्यायालय न्यायाधीश र कानुन व्यवसायीहरुको मात्र संस्था हो ? न्यायालयभित्र सिर्जित समस्या राज्यको समस्या होइन ? राजनीतिक दलहरुको मौनता र गैरजिम्वेवारपूर्ण अभिव्यक्तिभित्र 'दाल मे कुछ काला हे' भने जस्तै देखिएको छ । प्रधान्याधीश राणालाई समयमै बर्हिगमन गराउने उपाय नेताहरुले निकालेनन् भने आन्दोलन दलहरुविरुद्ध लक्षित हुँदैन भन्न सक्ने अवस्था छैन ।

आन्दोलन उठ्नुको पछाडि चोलेन्द्र शमशेरको आचरणगत कमजोरी र क्षमतागत् समस्या त छँदैछन, तर त्यसको अलवा नेपालको संविधान र संविधानले निर्माण गरेका संरचनाहरु पनि त्यत्तिकै दोषी र जिम्मेवार देखिन्छन् । जस्तो विगतमा प्रधानन्यायाधीशको भूमिकाको विषयमा मूलतः संवैधानिक इजलासको गठन र संवैधानिक परिषदमा सहभागिताको विषयले बढी चर्चा पाएको थियो । नेपालको संविधानको धारा १३७ मा संवैधानिक इजलासको गठन गर्दा प्रधानन्याधीश र न्यायपरिषदको सिफारिसमा प्रधान्याधीशले तोकेका अन्य चार जना न्यायाधीशहरु रहनेछन् भन्ने व्यवस्था छ । यसमा प्रधानन्याधीशलाई स्वविवेक प्रयोग गरी चारजना स.अ.का अन्य न्यायाधीशहरुलाई संवैधानिक इजलासका लागि नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । प्रधानन्याधीशले संवैधानिक इजलासका लागि न्यायाधीश छनोट गर्दा कस्ता न्यायाधीशहरु नियुक्त गर्न सक्दछन् भन्ने स्पष्ट व्याख्या र व्यवस्था देखिँदैन । यो विषयमा प्रधानन्याधीशले स्वविवेक प्रयोग गर्दा उनी विवादमा परे । त्यस्तै संवैधानिक परिषद सम्बन्धी व्यवस्थाले पनि प्रधान्याधीशलाई विवादमा पार्‍यो । संविधानको धारा २८४ मा प्रधान्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरुको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने संवैधानिक परिषद्मा प्रधानन्याधीश पदेन सदस्य रहने व्यवस्था छ । पूर्ववर्ति केपी शर्मा ओली सरकारको पालामा अध्यादेशका आधारमा सिफारिस भै नियुक्त भएका अख्तियार, निर्वाचन आयोग समेतका ५२ जना पदाधिकारीहरु विरुद्धमा सर्वोच्च अदालतमा मुद्धा परेको छ । स्वंय प्रधानन्यायाधीशसमेत संलग्न भै भएको सिफारिस उपरको रिट निवेदनले पनि उनको भूमिकालाई विवादमा पारेको देखिन्छ । प्रतिनिधिमुलक यी दुई संवैधानिक व्यवस्था तथा संवैधानिक संरचनाले प्रधानन्याधीशको भूमिकामाथि प्रश्न उठाउने पृष्ठभूमि र आधार तयार भएको देखिन्छ ।

राणा सर्वोच्च अदालतका प्रधानन्यायाधीश मात्र होइनन्, समग्र न्यायालयका नेता पनि हुन । उनलाई न्यायालय सुधारका लागि सर्वोच्च अदालतभित्रैबाट र नेपाल बारबाट समेत धेरै पटक आग्रहहरु गरिए, तर सुधार गर्ने इच्छुक र अग्रसर देखिएनन् । फलस्वरुप उनका विरुद्ध आन्दोलन गर्नुपर्ने परिस्थिति निर्माण भयो । यो आन्दोलनले न्यायीक क्षेत्रको पुनर्संरचनाका लागि सम्वद्ध निकाय वा पक्षका लागि मार्गदर्शक वा प्रेरणादायी हुन सक्ने देखिन्छ ।

दोस्रो संविधानसभाबाट संविधान जारी गरियो तर संविधानको अन्तरबस्तुलाई महत्व दिइएन । एकथान संविधान संविधान जारी गर्ने भन्ने मानसिकताले तत्कालिन समय काम गरेको थियो । संविधानको चिन्ताभन्दा पनि दलका नेताहरुलाई कसले के पाउने ? नेताहरुको ध्यान सत्ता र शक्ति तर्फ केन्द्रीत हुँदा जनयुद्ध र २०६२/०६३ को आन्दोलनको मूल मर्म र स्प्रिटअनुसारको संविधान निर्माण हुन सकेन । यो आन्दोलनको मूख्य लक्ष्य राज्यका सबै अंग र निकायहरुको पुनर्संरचना गर्ने भन्ने थियो । तर भूगोलको आधारमा राज्यको उपरिसंरचनालाई मात्र परिवर्तन गरियो । राज्यका मूख्य अंगहरु न्यायपालिका, कर्मचारीतन्त्र सेना, प्रहरी जो राज्य व्यवस्था वा जनताको सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएका निकाय वा संस्थाहरु थिए, तिनको पुनर्संरचना गरिएन । बरु यी संरचनाहरुलाई सत्ताको नेतृत्व गर्ने पार्टीहरुले आफ्नो स्वार्थ अनुकुल हिडाउन खोजे ।

जसका कारण यी निकायहरुमा राजनीतिको प्रत्यक्ष प्रभाव र दवाव प्रभाव बढदै गयो । यिनै दवाव, प्रभाव र प्रलोभनको संचित परिणाम हो अहिले न्यायालयमा देखिएको विवादको मूल सैद्धान्तिक आधार । न्यायालय विवादले संविधानप्रति जनताको अपनत्व र स्वामित्व क्षीण हुँदै गएको छ । द्वन्द्वसम्बन्धी आधुनिक धारणाअनुसार देशको परिवर्तन वा रुपान्तरणका लागि द्वन्द्व आवश्यक हुन्छ । तर यो मान्यता निरपेक्ष रुपमा सधै सत्य नहुन पनि सक्दछ । छोटो समयमा हुने आन्दोलनले देशलाई अस्थिर बनाउछ । अराजकता, वैदेशिक हस्तक्षेप र परनिर्भरता बढाउछ । तसर्थ नेपालको तत्कालीक धरातलीय अवस्था र यथार्थता भनेको तत्कालै अर्को आन्दोलन गर्ने परिस्थिति निर्माण भएको पनि छैन र तत्कालको आवश्यकता पनि होइन र छैन । तसर्थ यो व्यवस्थालाई जनअपेक्षा अनुरुपले संचालन गर्न आवश्यक छ । त्यो भनेको राज्यका हरेक अंगहरुको पुनर्संरचना र रुपान्तरण । यो प्रक्रियाबाट मात्र संघीय गणतन्त्रलाई संस्थागत गर्न सकिन्छ ।

देशका प्रमुख पार्टी र सम्वद्ध नेताहरुले साझा धारणा निर्माण गरी राष्ट्र र राष्ट्रियतालाई शीर्षस्थानमा राखी नेपालको संविधान र संविधानअन्तर्गत निर्माण भएका सम्पूर्ण संरचनाहरुको पुनरावलोकन र पुनर्संरचना गर्नुपर्ने हुन्छ । यो कार्य गर्न ढिलो भैसकेको छ । अहिले विवाद सर्वोच्च अदालतमा देखिएको छ समयमै राज्यका अन्य अंगहरुमा सुधार या पुनर्संरचना गरिएन भने राज्यका अन्य अंगहरुमा पनि यस्तै विवादहरु आउन सक्दछन् । तसर्थ समयमै सत्ता/विपक्षी पार्टीका जिम्वेवार शीर्षस्थ नेताहरुले समयमै सोंच्नु जरुरी छ । न्यायालयमा देखिएको आन्दोलन नेपालको न्यायिक इतिहासमा नौलो भएपनि यसले समग्र न्यायालयलाई पुनर्संरचना र तथा सुद्धिकरण गर्ने कार्यका लागि योगदान तथा कोशे ढुङ्गा सावित हुन सक्छ । हरेक सच्चा राष्ट्रसेवक कर्मचारी, प्रहरी प्रशासन, सेनामा आवद्ध सबैले यस प्रकारको आन्दोलन या शुद्धिकरणका लागि सोच्ने वा आत्मसमिक्षा गर्ने बेला भएको देखिन्छ ।

न्यायालयमा उठेको आन्दोलनले न्यायालयलाई कमजोर बनाउछ भन्नेहरु पनि छन् । हरेक संस्थाहरुको जीवन यथास्थितिमा लामो सयमसम्म टिक्न सक्दैन । संस्थालाई जीवन्त र गतिशील बनाउन हरेक संस्थाहरु समयानुसार पुनर्संरचना हुनु आवश्यक हुन्छ । सत्ता नेतृत्व विवेकशील भै समयानुकुल राज्यका अंहरुमा पुर्नसंचरना गर्दै लगेमा जनदवावको आवश्यकता नहुन सक्दछ । तर सत्ता नेतृत्व अदुरदर्शी र अविवेकी भएमा दवाव वा आन्दोलनको आवश्यकता पर्दछ । प्रधानन्याधीश राणाविरुद्धको आन्दोलन पनि त्यसकै परिणाम हो । राणा सर्वोच्च अदालतका प्रधानन्यायाधीश मात्र होइनन् । समग्र न्यायालयका नेता पनि हुन । उनलाई न्यायालय सुधारका लागि सर्वोच्च अदालतभित्रैबाट र नेपाल बारबाट समेत धेरै पटक आग्रहहरु गरिए, तर सुधार गर्ने इच्छुक र अग्रसर देखिएनन् । फलस्वरुप उनका विरुद्ध आन्दोलन गर्नुपर्ने परिस्थिति निर्माण भयो । यो आन्दोलनले न्यायीक क्षेत्रको पुनर्संरचनाका लागि सम्वद्ध निकाय वा पक्षका लागि मार्गदर्शक वा प्रेरणादायी हुन सक्ने देखिन्छ ।

(लेखक डा. पण्डित नेपाल बारका केन्द्रीय सदस्य हुन् ।)

## सामाजिक सञ्जाल



\- सुनिल चाम्लिङ

विधि पद्धतिको कुरो गर्दै हुनुहुन्छ प्रधानन्यायाधीस ज्यु, बारले कुरो किन नबुझेको ? उहाँबाट सिकिराखे आजको आन्दोलनकारी वकिल साहबहरू पनि भोलि प्रधानन्यायाधीस बन्न सक्नु हुन्थ्यो कि ? बैकल्पिक गेटको प्रयोग गर्ने, जस्केलाबाट छिर्ने जस्ता सीपहरू कदापि नसिक्नु है ।



\- रामशरण बजगाईं

न्यायाधीशले संविधान बाहिर गएर परमादेश दिएका हौं भन्ने साविती बयान दिइसके, न्यायप्रणाली भत्काइसके, कार्यपालिका स्वेच्छाचारी छ, व्यवस्थापिका एउटा उपकारी नेताको षडयन्त्रमा कैद छ । तर, पनि मिडिया गठबन्धन र दलीय गठबन्धनका नेताहरू संविधानको रक्षा गरेको भन्न छोड्दैनन् । कति लाज पचेको ?



\- कृष्ण शर्मा

एउटै मुद्दाको दश लाखभन्दा बढी लिने वरिष्ठ अधिवक्ता शम्भु थापाले वर्षमा एक लाख मात्रै आम्दानी देखाएर कर छल्दै आईरहेका छन् । महिनाको करिब आठ हजार मात्र आम्दानी देखाउने थापाले काठमाडौंका तीन ठाउँमा महल र ठाउँ-ठाउँमा जग्गा जोडेका छन् । उनका ६० लाख र १ करोड मूल्य पर्ने दुईवटा कार छन् ।



\- कृष्ण घिमिरे

सम्मान पदमा टाँसिएर जोगिन्न, जनमानसमा छोड्ने सकारात्मक छापले जोगिन्छ । चोलेन्द्रले बुझ्नु पर्ने कुरो । चोलेन्द्र समस्याको टुप्पो मात्र, जरो न्यायपालिकालाई अपवित्र बनाउने कार्यपालिका, व्यवस्थापिका, स्थापित पद्धति, अभ्यास हुन । सफा पानीको लागि मूल सफा गर्नु पर्यो, धाराले मात्र हुन्न ।




\- टंक खनाल

विद्यार्थी शैक्षिक ऋण : उच्च शिक्षा हाँसिल गर्ने विद्यार्थीको सहयोगार्थ वार्षिक रूपमा ऋण उपलब्ध गराउने व्यवस्था राज्यले गरोस् । न्यून आय भएका परिवारले पनि आफ्ना छोराछोरी पढाउन सक्छन् । विद्यार्थीहरू शान्त मनस्थितिले पठनपाठनमा लाग्छन् । आय आर्जन गर्न थालेपछि ऋण तिर्न थाल्छन् ।

## टिप्पणी

● नारायण अर्याल



# विकृत राजनीति र बढ्दो अनुत्पादक शक्ति

राजनीतिक क्षेत्रमा सक्रिय रहेका सदस्यहरु करिब-करिब अन्य पेशामा खासै सक्रिय देखिन्नन् । पार्टीको सक्रिय सदस्यता बढ्नु भनेको देशका लागि अनुत्पादन जनशक्तिको विकास हुनु हो । यसले राजनीतिलाई सहि दिशामा लगेको छैन भन्ने स्पष्ट पार्दछ ।

मुलुकको सबैभन्दा ठूलो दल नेकपा (एमाले)को सक्रिय सदस्यता संख्या झण्डै ६ लाख रहेको छ । यो तथ्यांक एमाले महासचिव ईश्वर पोखरेलले हालै सम्पन्न पार्टीको विधान महाधिवेशनमा सार्वजनिक गरेको संगठनात्मक प्रतिवेदनमा उल्लेख छ । उनका अनुसार २०७१ सालमा भएको नवौं राष्ट्रिय महाधिवेशनसम्म एमालेको पार्टी सदस्यता संख्या २ लाख ५६ हजार ७७२ मात्रै थियो । तर अहिले यो बढेर ६ लाख हाराहारी पुगेको छ ।

यता दोस्रो ठूलो दल नेपाली कांग्रेसको क्रियाशिल सदस्यता संख्या पनि झण्डै १० लाख पुगेको छ । २०७२ सालमा गरिएको १३ औं महाधिवेशनमा ५ लाख क्रियाशिल सदस्य रहेको कांग्रेसको १४ औं महाधिवेशनको संघारमा झण्डै १० लाख पुगेको हो । कांग्रेसले तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा आएको विभाजनसँगै आफ्नो पार्टीमा आबद्ध हुने कार्यकर्ताहरुको संख्या ह्वात्तै बढेको बताएको छ ।

यता नेकपा विभाजनसँगै कमजोर ठानिएको माओवादी केन्द्रले पनि पार्टी सदस्यता लिनेको संख्यामा अस्वभाविक बृद्धि भएको बताएको छ । माओवादी केन्द्रका प्रवक्ता कृष्णबहादुर महराका अनुसार पार्टी सदस्यताको आवेदन दिनेको संख्या हालसम्म साढे ७ लाख पुगेको छ । उनका अनुसार साढे ५ लाख व्यक्तिको विवरण पार्टीको सफ्टवेयरमा इन्ट्री भईसकेको छ भने २ लाखको इन्ट्री हुन बाँकी छ । माओवादी केन्द्रले महाधिवेशनसम्म पार्टी सक्रिय सदस्यको संख्या ८ लाखमाथि हुने दाबी गरेको छ ।

यी दलबाहेक नेकपा (एकीकृत समाजवादी), जसपा, लोसपा, राप्रपालगायतका दर्जनौं पार्टीले पनि आफ्नो पार्टीमा सदस्य संख्या करिब एक लाखभन्दा माथि रहेको दाबी गरेका छन् । जसका आधारमा हेर्दा सबै पार्टीहरुको सक्रिय सदस्य संख्या ५० लाखमाथि देखिन्छ ।

तीन करोडभन्दा माथि जनसंख्या भएको हाम्रो मुलुकमा झण्डै आधा जनसंख्या देश बाहिर रोजगारीका लागि रहेका छन् । बाँकी रहेका केही जनसंख्या स्वदेशकै रोजगारीमा छन् । तर दुःखको कुरा राजनीतिक क्षेत्रमा सक्रिय सदस्यको संख्या निकै ठूलो देखिन्छ । राजनीतिक क्षेत्रमा सक्रिय रहेका सदस्यहरु करिब-करिब अन्य पेशामा खासै सक्रिय देखिन्नन् । पार्टीको सक्रिय सदस्यता बढ्नु भनेको देशका लागि अनुत्पादन जनशक्तिको विकास हुनु हो । यसले राजनीतिलाई सहि दिशामा लगेको छैन भन्ने स्पष्ट पार्दछ । देश आर्थिक हिसाबले विपन्न हुँदै जानु र राजनीतिक दलहरु आन्तरिक रुपमा बलिया हुँदै जानुले देश थप संकट तर्फ जाँदै गरेको देखाउँछ । यो आगामी पुस्ताको लागि निकै नराम्रो संकेत पनि हो ।

# शिक्षा क्षेत्रमा प्रदेश २



● राकेश प्रसाद चौधरी

शिक्षा क्षेत्रमा बेतिथि छ, तर अवस्था निराशाजनक भने छैन । यो क्षेत्रमा अझै धेरै सम्भावनाहरू छन् । यहाँ उच्च शिक्षा गराउने सामुदायिक क्याम्पसहरूको कमी छ । विश्वविद्यालयहरूको आंगिक क्याम्पसको संख्या नगण्य छन् । साक्षरतामा पछाडि रहेको प्रदेश २ मा उच्च शिक्षामा फड्को मार्ने प्रयत्न नीजि क्षेत्रबाट भइरहेका छन् । सरकारी क्षेत्रको सहकार्य अति आवश्यक देखिन्छ ।

प्रदेश सरकारहरूले आ-आफ्नो क्षेत्रमा अप्राविधिक तथा विभिन्न विषयगत विश्वविद्यालय स्थापनामा तत्परता देखाइरहेका छन् । यस कार्यमा प्रदेश २ सरकारले समेत चाँसो र केही कार्य अगाडि बढाएको छ । हुनतः यस क्षेत्रमा राजर्षी जनक विश्वविद्यालयले बिना कुनै आंगिक, सामुदायिक अथवा नीजि क्याम्पस नै जनकपुरबाट अध्ययन अध्यापन गराइरहेको छ । यहाँ त्रिभुवन विश्वविद्यालयको धनुषा, सिरहा र सप्तरीमा एक/एक तथा पर्सामा दुईवटा आंगिक क्याम्पस छ । यस्ता क्याम्पसमा सम्बन्धित विश्वविद्यालयले अपनत्व र संरक्षकत्व हुन्छ । यस प्रदेशमा हालसम्म नेपाल संस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस महोत्तरी र धनुषामा छ । त्यही कृषि तथा वन विश्वविद्यालयको एउटा आंगिक क्याम्पस महोत्तरीमा छ । यस प्रदेशमा अहिलेसम्म अध्ययन प्रतिष्ठानहरूको कुनै आंगिक क्याम्पस छैन ।

विश्वविद्यालय अनुदान आयोगको तथ्यांकअनुसार यस्ता क्याम्पसको संख्या प्रदेश १ मा २३, वागमतीमा ४८, गण्डकीमा १६, लुम्बिनीमा १७, कर्णालीमा १८ तथा सुदुरपश्चिममा १९ छ । यस्ता आंगिक क्याम्पसको संख्या प्रदेश २ मा ९ वटा मात्र छ । प्रदेश २ ले विरगंज प्राविधिक विश्वविद्यालय तथा सप्तरी कृषि विश्वविद्यालय गठनसम्बन्धि अध्यादेश प्रदेश प्रमुख कहाँ पठाइसकेको छ । नामले नै यी विश्वविद्यालय विषयगत रहने देखिन्छ । यसको भविष्यबारे अहिले नै चर्चा गर्नु उचित नहोला । यहाँ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले समेत विषयगत अध्ययन अध्यापनमा अग्रसरता देखाउन थालेको छ । यी प्रयासहरू भइराख्दा प्रदेश सरकारले सामुदायिक क्याम्पसहरूको भविष्यबारे चिन्तित देखिएको छैन । सामुदायिक विद्यालयमा स्थानीय पालिकाको संरक्षकत्व भएजस्तै सामुदायिक क्याम्पसमा प्रदेश सरकारको संरक्षकत्व र अपनत्व आवश्यक छ ।

> प्रदेश २ मा हालसम्म त्रिभुवन, पूर्वाञ्चल तथा नेपाल संस्कृत विश्वविद्यालयबाट मात्र अनुमति लिई संचालित यस्ता क्याम्पसको संख्या ७३ छ । विश्वविद्यालय अनुदान आयोगको तथ्यांकअनुसार देशभरका आंगिक, सामुदायिक र नीजि १४३६ क्याम्पसमध्ये प्रदेश २ मा जम्मा १२३ वटा छ । तर, महत्वपूर्ण विषय भनेको समुदायिक क्याम्पसमा पढ्ने र पढाउनेको भविष्यबारे बहस नै हुन सकेको छैन ।

यसका लागि प्रदेश सरकारले एउटा विश्वविद्यालय स्थापना गरि हाल त्रिभुवन विश्वविद्यालयको मातहतमा रहेका ४६ वटा सामुदायिक क्याम्पसलाई आफ्नै मातहतमा ल्याउन आवश्यक छ । विश्वविद्यालय अनुदान आयोगको सानोतिनो सहयोग र विद्यार्थीको शुल्कबाट संचालित यस्ता क्याम्पसको भविष्य अन्यौलमा छ भने यसमा अध्यापन गराउने स्थायी तथा अन्य प्रकृतिका ब्यक्तिको वृत्ति विकासमा निकै समस्या छ । यस ठाउँमा अध्यापन गराउने अधिकांश अन्य विद्यालय तथा क्याम्पसका स्थायी शिक्षकहरू नै हुने गर्छन् । घण्टीअनुसार पारिश्रमिक दिइने गरिन्छ । थप सुविधा भने केही छैन । क्याम्पस प्रमुख कुन ब्यक्तिलाई बनाउनेबारे संचालक समितिहरूकै मनोमानी चल्छ । संचालक समिति गठन प्रदेश वा स्थानीय सरकारको मातहतमा छैन ।

प्रदेशभित्र विभिन्न विश्वविद्यालयबाट अनुमति लिई संचालित सामुदायिक क्याम्पसहरूबारे मन्थन गर्नु अतिआवश्यक छ किनभने प्रदेश र प्रदेशबाहिर टिक्न र बिक्न सक्ने जनशक्ति उत्पादन गर्न हाल संचालन रहेका सामुदायिक क्याम्पसहरू वरदान सावित हुन सक्छ । यस प्रदेशभित्र सप्तरी र सिरहामा चार/चार, धनुषामा दुई, महोत्तरीमा तीन, सर्लाहीमा आठ, रौतहटमा १२, बारामा छ तथा पर्सामा दुई वटा सामुदायिक क्याम्पस रहेको विश्वविद्यालय अनुदान आयोगको तथ्यांकबाट प्रष्ट हुन्छ । यस्ता क्याम्पसमा स्नातक तथा स्नाकोत्तरसम्म अध्ययन अध्यापन हुनेगर्छ । हुनतः नीजिस्तरमा विभिन्न विश्वविद्यालय तथा प्रतिष्ठानबाट अनुमति लिई संचालन भइरहेको क्याम्पस/कँलेजको अनुगमन गर्ने संयन्त्र प्रदेशभित्र आवश्यक छ ।

प्रदेश २ मा हालसम्म त्रिभुवन, पूर्वाञ्चल तथा नेपाल संस्कृत विश्वविद्यालयबाट मात्र अनुमति लिई संचालित यस्ता क्याम्पसको संख्या ७३ छ । विश्वविद्यालय अनुदान आयोगको तथ्यांकअनुसार देशभरका आंगिक, सामुदायिक र नीजि १४३६ क्याम्पसमध्ये प्रदेश २ मा जम्मा १२३ वटा छ । तर, महत्वपूर्ण विषय भनेको समुदायिक क्याम्पसमा पढ्ने र पढाउनेको भविष्यबारे बहस नै हुन सकेको छैन । ती क्याम्पसहरूसँग भएका स्रोत साधबारे गन्थन मन्थन हुन बाँकी छ । विभिन्न ब्यक्तिको नामबाट शुरुवात भएको क्याम्पसहरूमध्ये केही त्रिभुवन विश्वविद्यालयको आंगिक र केही समुदायिक क्याम्पसमा कसरी परिणत भएको होला भनेर अध्ययनहरू उतिकै आवश्यक छ । अधिकांश यस्ता उच्च शैक्षिक संस्थाको स्थापना गर्न विभिन्न ब्यक्तित्व एवं समाजका अग्रणी चिन्तकहरूको लगानी छ । यी व्यक्तिहरूको सपना सकार गर्न तत्काल प्रदेश सरकारले सामुदायिक क्याम्पसको दीगोपनाबारे अध्ययन गर्न एक समिति गठन गर्न आवश्यक छ । हुनतः मैले छुट्टै विश्वविद्यालय बनाएर यी क्याम्सहरूको सम्बोधन गर्न सकिने सुझाव दिएपनि प्रदेश सरकारद्वारा गठित समितिको निष्कर्ष महत्वपूर्ण हुनेछ ।

*मधेश वाणीबाट*

# दार्चुलामा कात्तिक ३० र मंसिर १ गते कोरोना खोप



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २९ कात्तिक

दार्चुलामा एष्ट्राजेनिका खोपको पहिलो मात्रा लगाएका १८ वर्षमाथिका नागरिकलाई दोस्रो मात्रा दिइने भएको छ। गत भदौमा एष्ट्राजेनिकाको पहिलो मात्रा खोप लगाएका नागरिकहरुलाई उपलब्ध कोभिशिल्डको दोस्रो मात्रा दिइन लागिएको हो ।

पहिलो मात्रा लगाएका १८ वर्षमाथिका विद्यार्थी र अन्य नागरिकलाई यहि कात्तिक ३० र मंसिर १ गते कोभिशिल्डको दोस्रो मात्रा लगाइने स्वास्थ्य कार्यालय दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले मध्यान्हलाई बताए ।

सूचना अधिकारी कार्कीका अनुसार करिब अढाइ हजार नागरिकलाई दोस्रो मात्रा दिइन लागेको हो । दार्चुलामा ७१ प्रतिशत अर्थात ६६ हजार ५४ जनाले कोरोनाविरुद्धको पहिलो मात्रा खोप पाइसकेका छन् ।


## साउदीमा रोजगार | कम्पनी: TOMEX CONCRETE PRODUCTS COMPANY
शहर : HAIL

पूर्व स्वीकृत मितिः २०७८/०७/०७ चलानी नं.: ६०१६६०७२ LT. No.: 248564 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Driver Public | 6 | 0 | | 1500 | ४७,५२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Metta International Pvt. Ltd.**
मेनपावर बजार काठमाडौं, फोनः ४११२९७६, ४११२९७७, Fax.: 4112978
श्रम इजाजत नं. ५३०/०६१/०६२
Email- info@mettaint.com, mettainternational@gmail.com Web.: www.mettaint.com

## साउदीमा रोजगार | कम्पनी: Samhan Naser Al Dossary General Contracting Est
शहर: Al Asha

पूर्व स्वीकृत मितिः २०७८/०७/२९ चलानी नं.: ६०१६७५९६ LT. No.: 250636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4592240, 4592241, Fax No: 01-4592239


# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा

## कन्काई र कमल खोलाको ढुङ्गा, गिटी, बालुवा र पुरुवा संकलन तथा बिक्री सम्बन्धी ठेक्का आह्वानको सूचना

(प्रकाशन मिति २०७८/७/३०)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/७/१६ को निर्णयानुसार स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा भएका परिमाणमा नगर क्षेत्र भित्र रहेको कन्काई र कमल नदीबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट, बालुवा, चिप्स, र माटो (भरौट र बलौटे) संकलन तथा बिक्री सम्बन्धी आ.व. ०७८/७९ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का सम्बन्धी कागजातमा उल्लेखित शर्तमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी ३० दिने बोलपत्र आह्वान गरिएको छ । सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनिहरुले ठेक्का सम्बन्धि कागजात यस कार्यालयबाट खरिद तथा पेश गर्न सकिनेछ ।

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक भ्याट समेत | बोलपत्र फारम दस्तुर | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | SM/IR/02 078/79 | शिवसताक्षी नगरपालिकाले तोकिदिएको क्षेत्र भित्र कन्काई र कमल नदीबाट ढुंगा, गिट्टी, रोडा, ग्राभेल, चटान, स्लेट, बालुवा, चिप्स, र माटो (भरौट र बलौटे) संकलन तथा बिक्री | रु १,५३,००,०००।० (अक्षरेपी एक करोड त्रिपन्न लाख मात्र भ्याट समेत) | बोलपत्र दस्तुर रु ३०००।० | २०७८/९/०१ दिनको १२:०० बजे भित्र | २०७८/९/०१ दिनको २:०० बजे | न्यूनतम रु रु ४,६०,०००।० वा कबोल अंकको ३ प्रतिशत मध्ये जुन बढि हुन्छ त्यही मान्य हुने । |

शर्तहरु :

१) इच्छुक योग्य बोलपत्रदाताहरुले कागजात पेश गर्दा ईजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी, नविकरण भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपी, भ्याट (VAT) दर्ता प्रमाण पत्र र आ.व २०७७/७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी वा सम्बन्धित निकायबाट म्याद थप गरेको प्रमाण पत्रको प्रतिलिपी साथै स्व: घोषणा पत्र संलग्न राखी तोकिएको बोलपत्रसम्बन्धी कागकाजको दस्तुर नगदै रु.३०००।० (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको नाममा मेगा बैंक बिर्तामोड शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१ (३१४००१०००१२८) मा जम्मा गरी भौचर तथा माथि उल्लेखित गरिएका कागजात स्क्यान गरी पेश गर्नु पर्नेछ ।

२) बोलपत्र दाखिला गर्ने बोलपत्रदाहरुले कबोल अंकको ३ प्रतिशत धरौटी रकम नगदै भए यस कार्यालयको नाममा मेगा बैंक बिर्तामोड शाखामा रहेको धरौटी खाता नं. ग-३ (३१४००१०००१५१) मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको १२० दिन म्याद भएको बिडबण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

३) तोकिएका समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा शिवसताक्षी नगरपालिकाको कार्यालयमा मिति २०७८/९/०१ गते दिउसो २:०० बजे खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

५) बोलपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

६) कुनै वा सबै बोलपत्र, पुरै वा आंशिकरुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

७) बोलपत्र स्वीकृत भएको आशयको सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी आवश्यक कानुनी कारवाही गरिने छ ।

८) ठेक्का सम्झौताको समयमा स्वीकृत ठेक्का रकम अग्रिम एकमुष्ट १३ प्रतिशत मु.अ.कर सहित बुझाउनु पर्नेछ । यसरी एकमुष्ट ठेक्का रकम बुझाएमा स्वीकृत रकमको १० प्रतिशत छुट दिन सकिनेछ ।

९) किस्ताबन्दी रुपमा रकम बुझाउने भए पहिलो किस्ता रकम ५० प्रतिशत सम्झौता गर्न अगावै बुझाउनु पर्नेछ । त्यसपछि दुई किस्ता मध्ये दोस्रो किस्ताको रकम सम्झौता भएको २ महिना भित्र ३० प्रतिशत र तेस्रो किस्ताको रकम चैत्र मसान्त भित्र २० प्रतिशत बुझाउनु पर्नेछ ।

१०) सम्पूर्ण रकम एकमुष्ट नबुझाई किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्झौता गर्न आउदा बाँकी रकम बुझाउन बाँकी रहन्छ सो बराबरको जमानत बापत रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नुपर्नेछ ।

११) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउँनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउँनु पर्नेछ ।

१२) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१३) ठेक्का सम्झौता अवधिका सम्बन्धमा उत्खनन, संकलन तथा बिक्री वितरण सम्झौता २०७९ जेष्ठ मसान्तसम्म कायम रहनेछ ।

१४) स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको स्थानबाट तोकिएको परिमाणमा निर्माण सामग्री उत्खनन, संकलन, घाटगद्दी, बिक्री वितरण गर्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई निर्माण सामग्री निकाल्न पाईने छैन । साथै निर्माण सामग्री उत्खनन् गर्ने समय बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

१५) ढुंगा, गिटी, ग्राभेल, बालुवा चिप्स, माटो भरौट र बलौटे जस्ता नदीजन्य पदार्थहरु नदिबाट उत्खनन गर्दा प्रचलित कानून, प्राविधिक समितिको निर्देशन तथा नगर कार्यपालिकाको बैठकको निर्णय तथा निर्देशन पालना गर्नुपर्नेछ ।

१६) कन्काई नदी उत्तर हेभि मेशिनरी स्काभेटर, लोडर प्रयोग गर्न पाईने छैन तर आवश्यक परे प्राविधिक समितिको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको निर्णयानुसार नदिको प्राकृतिक बहावलाई प्रतिकुल असर नहुने गरी मात्र उत्खनन गर्नु पर्नेछ ।

१७) नदीजन्य पदार्थ ढुवानी गर्ने सडकहरुमा खाल्डा खुल्डी पुर्न, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ । सो बापतको खर्च दावी गर्न पाइने छैन ।

१८) उत्खनन गर्ने परिमाण एवं नाकाको विस्तृत विवरण बोलपत्रसाथ संलग्न गरी उपलब्ध गराइने छ ।

१९) रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमनसम्बन्धी प्रतिवेदन पालना गर्नुपर्नेछ । अनुगमन गर्दा कानु र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ । यसरी उत्खनन गरेको परिमाणका लागत प्रत्येक १५/१५ दिनमा यस न.पा. लाई उपलब्ध गराउनु पर्नेछ ।

२०) ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२१) विपद व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि नगरपालिकाको आफ्नो श्रोत र साधन प्रयोग गरि नदि जन्य पदार्थ उत्खनन गरी मर्मत गर्न सक्नेछ । उक्त कार्यको लागि कुनै बाधा पर्ने छैन ।

२२) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

२३) ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले कार्यालय मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

२४) नदी जन्य पदार्थको संकलन तथा बिक्री दर तपशिल बमोजिम रहनेछ ।

| ढुंगा, गिटी,रोडा, ग्राभेल, चटान, स्लेट | बालुवा, चिप्स | माटो (भरौट र बलौटे) |
|---|---|---|
| बिक्री दर | बिक्री दर | बिक्री दर |
| प्रति क्यू फिट रु ६।० | प्रति क्यू फिट रु ४।७५ | प्रति क्यू फिट रु ३।० |

प्रमुख प्रशासकिय अधिकृत


## SAUDI मा रोजगारको अवसर | १. कम्पनी: FALAK NAJD COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०७/२९ चलानी नं.: ६०१६७६२४ L.T. No.: 250653

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 30 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: PROJECTS EMTIYAZ FOR COMMERCIAL SERVICES COMPANY शहर: HAIL
पूर्व स्वीकृत मितिः २०७८/०७/२९ चलानी नं.: ६०१६७६२५ L.T. No.: 250652

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Head Waiter | 2 | 0 | | 1500 | ४७,५२० | | | | | | | |
| 3. | Restaurant Worker | 4 | 0 | | 1000 | ३१,६८० | | | | | | | |
| 4. | Coffee & Tea Maker | 1 | 0 | | 1200 | ३८,०१६ | | | | | | | |
| 5. | Bread Preparation Worker | 1 | 0 | | 1200 | ३८,०१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निशुल्क |

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240, 5907280, 4002624, 4002625, 9801100112, 9801100113, Fax: +977-1-4002625
Email: jobsglobalnepal@gmail.com | Web: www.jobsglobal.com
https://www.facebook.com/JobsglobalNepal
Govt. Lic. No 192/057/058

## UAE र QATAR मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: EAGLE EYE SECURITY SERVICES LLC शहर: UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०७६/११/०५ चलानी नं.: ६०१५१८६२ LT. No.: 233229 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 15 | 0 | स. काममा दक्ष | 1200 | ३८,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL SHAMEL SECURITY SERVICES शहर: QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०७८/०७/२९ चलानी नं.: ६०१६७५५९ LT. No.: 250266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 13 | 2 | स. काममा दक्ष | 1600 | ५१,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

